# नीति अनुसन्धान बुलेटिन


नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

नीअप्र प्रकाशन सङ्ख्या ११९

साउन १, २०८२ - पुस ३०, २०८२ (वर्ष ६, अङ्क १)


## बुलेटिनभित्र


| बुलेटिनभित्र | पृष्ठ |
|---|---|
| नीति अनुसन्धान प्रतिष्ठान परिचय | २ |
| सम्पन्न भएका अध्ययन-अनुसन्धान | ३ |
| चालु अध्ययनहरू | ५ |
| नीति सिफारिस | ८ |
| नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू | १० |
| सार्वजनिक नीति संवाद | १० |
| सहकार्य, समन्वय तथा तालिम | १७ |
| संस्थागत विकास, विस्तार र प्रसार | २७ |


## नयाँ प्रकाशन (छापा)





*विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान अधिकार दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनका निष्कर्षहरू निर्वाचन आयोगमा छलफल हुँदै*

## प्रतिष्ठानको भनाइ

नीति अनुसन्धान बुलेटिनको यस अङ्कमा प्रतिष्ठानले २०८२ साउन १ देखि पुस ३० गतेसम्म सम्पन्न गरेका प्रमुख क्रियाकलापहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ। यस अवधिमा प्रतिष्ठानले अनुसन्धान प्रतिवेदन, नीति सङ्क्षेप तथा सोचपत्रहरू प्रकाशन गरेको छ। साथै, चालु अनुसन्धान तथा सरकारद्वारा तयार गरिएका नीति तथा कानुनका मस्यौदामा सुझाव प्रदान गर्ने उद्देश्यले ६ वटा नीति संवाद र दुई वटा नीति प्रवचनहरू सम्पन्न भएका छन्। त्यसैगरी, प्रतिष्ठानले विभिन्न मस्यौदा नीतिहरूमा सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको नीति प्रयोगशालामा सहभागिता जनाउँदै विभिन्न मस्यौदा नीतिहरूमा सुझाव प्रदान गरेको छ।

यसै अवधिमा चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजसँग नीति अनुसन्धान र सहकार्यबारे अन्तरक्रिया भएको छ भने पेकिङ विश्वविद्यालयको अध्ययन टोलीले प्रतिष्ठानको भ्रमण सम्पन्न गरेको छ। त्यसैगरी, प्रतिष्ठानले यस अवधिमा वि.सं. २०८२ को निर्वाचनमा देशबाहिर र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गराउने व्यवस्था सम्बन्धमा भएको अनुसन्धान प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीसमक्ष पेश गरेको छ भने शून्य भोकमरी र आर्थिक समृद्धिसम्बन्धी अध्ययन प्रतिवेदन पनि सार्वजनिक भएको छ।

उल्लिखित सबै उपलब्धिहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालयहरू, प्राज्ञिक संस्था र प्रतिष्ठानका अनुसन्धानकर्ता/कर्मचारी लगायत सम्बन्धित सबै सरोकारवालाहरूको निरन्तर सहयोग र समन्वयबाट सम्भव भएकाले प्रतिष्ठान सम्बन्धित सबैप्रति हार्दिक आभार व्यक्त गर्दछ।

लक्ष्मण प्रसाद भट्टराई
कार्यालय प्रबन्धक

## सम्पर्क


**नीति अनुसन्धान प्रतिष्ठान**
नारायणहिटी, काठमाडौं, नेपाल
वेबसाइटः www.pri.gov.np
इमेलः info@pri.gov.np
फोनः ९७७-१-४५३०५१७/४५३४९७९

**सूचना अधिकारी**
कृष्ण प्रसाद वि.क.
फोनः ९७७-१-४५३०५१७
इमेलः kpbk@pri.gov.np




*प्रतिष्ठानको भ्रमणमा रहनु भएका चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओलाई मायाको चिनो प्रदान गर्नुहुँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा*




*शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जन सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमको झलक*



*राष्ट्रको समृद्धिका लागि प्रभावकारी तथा उत्तरदायी सार्वजनिक नीति निर्माणमा योगदान गर्नु नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि रहेको छ।*

# नीति अनुसन्धान प्रतिष्ठान परिचय

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक क्षेत्रका विविध विषयहरू जस्तैः विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई नीति सिफारिस गर्न गठन गरिएको थिङ्क ट्याङ्क (Think Tank) हो।

नीति अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो। यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघसंस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ। अनुसन्धान प्रयोजनका लागि प्रतिष्ठानले आफ्ना कायदिशभित्र पर्ने क्षेत्रलाई विभिन्न समूहमा वर्गीकरण गरी काम गर्दै आएको छ।

आफ्ना काम प्रभावकारी, छिटोछरितो र विशिष्टीकृत बनाउने उद्देश्यले प्रतिष्ठानले केही आन्तरिक नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने अन्य केही निर्माणाधीन छन्।

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि, ध्येय र लक्ष्य निम्नानुसार छन्ः

**दूरदृष्टि**

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि "राष्ट्रिय समृद्धिको लागि प्रभावकारी र उत्तरदायी सार्वजनिक नीति तर्जुमाको लागि योगदान पुऱ्याउनु" हुनेछ।

**ध्येय**

नीति अनुसन्धान प्रतिष्ठानलाई प्रमाणमा आधारित (सुसूचित) नीति निर्माणमा अब्बल संस्थाको रूपमा स्थापित गर्नु यसको ध्येय हुनेछ।

**लक्ष्य**

नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक उद्देश्य सार्वजनिक नीतिका लागि विश्वसनीय, तथ्यमा आधारित तथा परिवर्तनकारी ज्ञान सिर्जना गर्नु हुनेछ।

**मूल मान्यताहरू**

**गुणस्तरीयताः** नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठानका कर्मचारी तथा शोधकर्ताहरूले तयार गर्ने शोधकार्यहरू एवम् अन्य विज्ञहरू मार्फत सम्पन्न गरिने सामग्रीहरू तथा प्राप्त हुने सेवाहरूमा गुणस्तरीयता कायम हुनेगरी कार्य गर्दछ।

**वस्तुपरकताः** कुनै मुद्दा, विचार र विषयवस्तुलाई प्रमाणहरूको कसीमा राखेर आलोचनात्मक ढङ्गले हेर्ने प्रतिष्ठानको अभ्यास रहँदै आएको छ। व्यक्तिगत पूर्वाग्रह तथा भावनात्मक अनुभूतिका कारण वस्तुपरकता कायम हुन नसक्ने अवस्था आउन नदिन प्रतिष्ठान सजग रहन्छ।

**सत्यनिष्ठाः** प्रतिष्ठान आपसी सम्मान र सहयोग, इमानदारी र सत्यताजस्ता आधारभूत नैतिक सिद्धान्तहरूप्रति प्रतिबद्ध रहदैआएको छ। संस्थागत व्यावसायिकता कायम गर्ने, समूहगत कार्य र द्वन्द्व व्यवस्थापनमा जोड दिने तथा कृपावाद र स्वार्थको टकरावजस्ता विषयलाई रोक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सत्यनिष्ठाको दृढतापूर्वक पालना गर्दछ।

**विविधताः** फरक सिद्धान्त, ज्ञान, अनुभव, संस्कृति, जातीयता, लिङ्ग, धर्म तथा शारीरिक क्षमताको सम्मान गर्दै र समावेशी कार्य वातावरण निर्माण गर्नेतर्फ प्रतिष्ठान कार्यरत छ। यस प्रयोजनको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रतिष्ठान इमानदारीका साथ योग्यतामा आधारित प्रणालीको अभ्यासमा प्रयत्नशील रहन्छ।

**पारदर्शिताः** नीति अनुसन्धान प्रतिष्ठानका क्रियाकलापहरू पारदर्शी रहन्छन्। पारदर्शिताले आफ्ना कामहरू र सोबाट प्राप्त नतिजाहरूबारे आमजनतालाई सुसूचित गराउनुका साथै उनीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी उपयोगी सूचना खोज्न र प्राप्त गर्न प्रोत्साहित गर्दछ भन्ने मान्यतामा प्रतिष्ठानको विश्वास रहेको छ।

**जबाफदेहिताः** प्रतिष्ठानका क्रियाकलापहरू जबाफदेहितामा आधारित रहन्छन्। आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरू उनीहरूका कामप्रति जबाफदेही रही कार्य गर्ने वातावरण कायम गर्नुपर्ने विषयमा प्रतिष्ठान अत्यन्त सजग रही कार्यरत छ। आफ्ना स्रोत-साधनहरूको विवेकशील, मितव्ययी र प्रभावकारी प्रयोगको लागि प्रतिष्ठानले सम्भव भएसम्म आवश्यक सबै उपायहरूको अवलम्बन गर्दछ।

**सहभागिताः** नीति अनुसन्धान प्रतिष्ठानले आफ्ना कार्यहरूलाई विभिन्न उपाय र विचारहरू मार्फत थप गहन बनाउन सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई विशेष महत्त्व प्रदान गर्दछ । अध्ययन अनुसन्धानमा रहेका कुनै पनि विषयवस्तु वा मुद्दाको बारेमा पूर्ण जानकारी प्राप्त गर्न र सम्बन्धित विषयमा जतिसक्दो धेरै क्षेत्रहरूबाट अधिकतम सुझाव सङ्कलन गर्न सरोकारवालाहरूको सहभागिता आवश्यक पर्ने विषयलाई प्रतिष्ठानले आत्मसात् गर्दछ ।

## सम्पन्न भएका अध्ययन-अनुसन्धान

प्रतिष्ठानले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान गर्ने संस्थाहरूको निकट सम्बन्धमा रहेर "विकास र परिवर्तनका लागि अनुसन्धान" भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ । राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्ने उद्देश्यले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य प्रतिष्ठानले गर्दै आएको छ । यस अर्थमा प्रतिष्ठानले गर्ने अनुसन्धानहरू अन्य अनुसन्धानहरूभन्दा फरक हुन्छन् । यसरी गरिएका अनुसन्धानबाट प्रतिवेदन, नीति सङ्क्षेप, पुस्तक र नीति सिफारिस लगायतको रूपमा ज्ञान सामग्रीहरू प्रकाशित हुँदै आएका छन् ।

### प्रकाशित अनुसन्धान प्रतिवेदन र अन्य ज्ञान सामग्रीहरू

प्रतिष्ठान अन्तर्गतका अनुसन्धान विभाग र केन्द्रहरूका क्षेत्राधिकारभित्र पर्ने विभिन्न विषयहरूमा चालु रहेका अध्ययन अनुसन्धानमध्ये यस अवधिमा अनुसन्धान प्रतिवेदन (१), नीति सङ्क्षेप (१) र सोचपत्र (२) हरू अनलाइन तथा छापा माध्यममा प्रकाशित भए भने केही अन्य अनुसन्धानहरू सम्पन्न भई प्रकाशोन्मुख रहे ।

प्रकाशित सामग्रीहरूको सङ्क्षिप्त विवरण तल दिइएको छ । साथै, प्रकाशनको शीर्षकको दायाँतर्फ दिइएको क्युआर कोड प्रयोग गरी यस अवधिमा प्रकाशित प्रतिवेदनहरूको पूर्ण पाठ पढ्न र डाउनलोड गर्न सकिन्छ ।

#### अनुसन्धान प्रतिवेदन

**Nepal's Journey Towards Zero Hunger: The Triple Challenge of Food Security, Food Self-Sufficiency and Economic Prosperity**

नेपालले शून्य भोकमरी (Zero Hunger) लक्ष्यतर्फ गरेको प्रगति मूल्याङ्कन गर्ने, घरायसी खाद्य सुरक्षा र पोषण अवस्थाको स्थिति बुझ्ने र कृषि उत्पादन, व्यापार निर्भरता, जलवायु जोखिम एवम् नीति तथा कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन प्रतिवेदन नेपाल विकास अनुसन्धान प्रतिष्ठान र नीति अनुसन्धान प्रतिष्ठानबाट संयुक्त रूपमा तयार भएको हो ।

प्रतिवेदनमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सर्वेक्षणहरू, प्रतिवेदनहरू र संयुक्त राष्ट्र संघलगायतका तथ्याङ्क विश्लेषणको आधारमा तयार गरिएको छ । अध्ययनमा घरेलु खाद्य खपत, बच्चाहरूको उचाइ-तौल, महिला र बालबालिकामा एनीमिया, कृषि उत्पादन, आर्थिक अवस्था, रोजगारी, र आप्रवासनजस्ता विविध कारकहरूलाई समग्र खाद्य प्रणाली दृष्टिकोणबाट मूल्याङ्कन गरिएको छ ।

प्रतिवेदनले नेपालमा खाद्य सुरक्षा र पोषणमा सुधार आएको देखाएको छ । पाँच वर्षमुनिका बच्चाहरूको पुड्कोपन घटेको र खाद्य उपभोगमा विविधता आएको तथा फलफूल, दूध, मासु र तरकारीको सेवन बढेको देखाएको छ भने एनीमिया र सुक्ष्मपोषणको कमी अझै चुनौतीपूर्ण रहेको देखिएको छ । तथापि, कर्णाली प्रदेशमा उच्च खाद्य असुरक्षा, लुम्बिनी र मधेश प्रदेशमा पोषणको कमीको अवस्था भने कायम छ । यस सन्दर्भमा, प्रतिवेदनले लक्षित पोषण कार्यक्रम, बहुक्षेत्रीय समन्वय, कृषि उत्पादन वृद्धिद्वारा खाद्य आत्मनिर्भरता, रोजगार सिर्जना र प्रभावकारी सामाजिक सुरक्षा प्रणाली सञ्चालन गर्न सके यसले नेपाललाई स्थायी रूपमा शून्य भोकमरीको अवस्थामा पुऱ्याउन सक्ने देखाएको छ ।

## नीति सङ्क्षेप

### स्थानीय तहमा न्यायिक समितिको कार्यप्रभावकारिता अभिवृद्धिका उपायहरू

न्यायिक समितिहरूले सामना गरिरहेका संस्थागत, कानुनी, संरचनागत तथा प्राविधिक चुनौतीहरूको पहिचान गरी यस नीति सङ्क्षेपले उक्त समितिहरूको कार्यसम्पादन सुधारका लागि नीतिगत सुझाव प्रदान गरेको छ ।

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक रूपमा सार्वजनिक नीति संवाद मार्फत प्राप्त जानकारी समेटिएको छ भने द्वितीयक रूपमा नीति अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित कार्यपत्र, सम्बन्धित साहित्य, अनलाइन लेखहरू तथा विद्यमान कानुन र नीतिहरूको अध्ययन गरी यो नीति सङ्क्षेप तयार गरिएको हो ।

प्रतिवेदनले संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थापित गरेको न्यायिक समितिले स्थानीय स्तरमा न्याय सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको भए तापनि कार्यक्षमतामा असमानता देखिएको, कतिपय स्थानीय तहमा प्रक्रिया प्रभावकारी भए तापनि अन्य स्थानमा कानुनी दक्षता, अभिलेखीकरण, प्रविधि प्रयोग, पारदर्शिता र समन्वयमा चुनौतीहरू विद्यमान रहेको देखाएको छ । समग्रमा, प्रतिवेदनले नियमित तालिम, स्थानीय कानुनी सल्लाहकारको व्यवस्था, डिजिटल प्रणालीको विकास तथा सम्बन्धित निकायसँग समन्वय सुदृढ गरी न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने सुझाएको छ ।

## सोचपत्र

### नेपालमा सामाजिक सद्भावः मधेशको सन्दर्भ

यस सोचपत्रले मधेशको सन्दर्भ र दृष्टिकोणबाट सामाजिक सम्बन्ध सद्भावको अवस्थाबारे बहस गर्दै नेपालको सामाजिक विविधताको व्यवस्थापन र सहअस्तित्वका उपायहरू सुझाएको छ । यसले विशेषगरी मधेशी र पहाडी समुदायबिचको सम्बन्ध, सामाजिक विभेद, बहिष्करणको अनुभूति, क्षेत्रीय असमानता तथा समावेशी विकासका चुनौतीहरूलाई विश्लेषण गर्दै सामाजिक सद्भाव अभिवृद्धिका सम्भावित उपायहरू दिएको छ ।

यो सोचपत्र सीमित सन्दर्भ सामग्रीको अध्ययन, अनौपचारिक अन्तरक्रिया तथा छलफल, जनकपुर, सिराहा र वीरगन्जका केही जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, सरकारी कार्यालय, प्रहरी चौकी, विद्यालय र क्याम्पस भ्रमण मार्फत सङ्कलित जानकारीमा आधारित छ । साथै, यसले अनुसन्धान प्रतिवेदन, पत्रपत्रिका लेख तथा मिडियामा व्यक्त विज्ञहरूको विचारहरूलाई पनि सूचनाको स्रोतको रूपमा लिएको छ ।


सोचपत्रले मधेशी र पहाडी समुदायबिच स्वार्थ, प्राथमिकता तथा सांस्कृतिक भिन्नताले सामाजिक सद्भावमा केही चुनौती सिर्जना गरेको, राज्य संयन्त्रमा प्रतिनिधित्वको कमी रहेको, क्षेत्रीय असमानता, भेदभाव र कमजोर नीतिगत कार्यान्वयनले आपसी अविश्वास बढाएको निष्कर्ष निकालेको छ । यस सन्दर्भमा, सामाजिक सद्भाव अभिवृद्धिका लागि समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै स्रोत साधनको न्यायोचित वितरणमा ध्यान दिन, अन्तरसांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न, संवाद र सहकार्यलाई प्रवर्धन गर्न, आर्थिक अवसर सिर्जना गर्न तथा शिक्षा मार्फत विविधताको सम्मान बढाउन आवश्यक रहेको प्रतिवेदनले सिफारिस गरेको छ ।

### नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

यस सोचपत्रले आर्थिक वर्ष २०७९/८० सम्मको नेपाली अर्थतन्त्रको बहुआयामिक पक्षहरूको समीक्षा गर्दै सरकारी पुँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्नुका कारणहरू, सहकारी क्षेत्रको पुनरुत्थानको आवश्यकता तथा सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूको विश्लेषण गरी आगामी नीतिगत सुधारका लागि केही मार्गदर्शन प्रदान गरेको छ ।

यस सोचपत्रको मस्यौदा २०७९/८० मा तयार गरिएको तर आवश्यक सम्पादनपश्चात् प्रकाशन कार्य २०८२ मा मात्र भएको हुँदा प्रतिवेदनले मुख्य गरी आ.व. २०७९/८० सम्मको परिवेश र तथ्याङ्कलाई मात्र समेटेको छ । यो प्रतिवेदन पूर्णतः अनुसन्धानमूलक नभएकाले कतिपय खण्डमा लेखकका विचार तथा अनुभवले पनि प्रधानता पाएको छ । साथै, यस अध्ययनले सरकारको पुँजीगत खर्चमा वृद्धि हुन नसक्नुका कारणहरू, समस्यामा परेको सहकारी क्षेत्रको पुनरुत्थान र सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीजस्ता विषयवस्तुहरूलाई समेट्न सकेको छैन ।

## नेपाल पब्लिक पोलिसी रिभ्यू - अर्धवार्षिक प्रगति




नीति अनुसन्धान प्रतिष्ठानले प्राज्ञिक अनुसन्धान र सार्वजनिक नीति निर्माणबिचको खाडललाई जोड्ने उद्देश्यका साथ अनुसन्धानकर्ता र नीति अभ्यासकर्ताबिच सहकार्यलाई प्रोत्साहन र शोधलेखमा नीति सिफारिस र कार्यान्वयन मार्गचित्रको अनिवार्यताजस्ता सहकार्यात्मक, सहयोगात्मक र नीतिउन्मुख विशेषतासहितको प्रायोगिक नीति जर्नलको रूपमा विज्ञ-समीक्षित जर्नल (peer-reviewed journal) नेपाल पब्लिक पोलिसी रिभ्यू (NPPR) मा गुणस्तरीय लेखहरू प्रकाशित गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि पुस मसान्तसम्ममा जर्नलको अङ्क ५ (२०२५) अन्तर्गत ५ वटा अनुसन्धानमूलक लेखहरू अनलाइन माध्यमबाट प्रकाशित भइसकेका छन्। हालसम्म जर्नलका विभिन्न अङ्कहरू भौतिक/डिजिटल रूपमा प्रकाशित भई कुल ५६ वटा नीतिगत लेखहरू प्रकाशित भइसकेका छन्। यस जर्नलका कार्यकारी सम्पादकको भूमिकामा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभागका विभागीय प्रमुख डा. दीपक कुमार खड्का हुनुहुन्छ। सम्पादक मण्डलमा नेपाल सरकारका पूर्व विशिष्ट कर्मचारीहरू, राष्ट्रिय योजना आयोगका पूर्व पदाधिकारीहरू, नीति निर्माणमा अनुभवी विज्ञहरू र स्वदेशी तथा विदेशी विश्वविद्यालयका प्रतिष्ठित प्राध्यापक एवम् अनुसन्धानकर्ताहरूको संलग्नता रहिआएको छ।

यस आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिमा जर्नलप्रति उल्लेखनीय प्राज्ञिक आकर्षण देखिएको छ। विभिन्न विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूबाट कृषि, शिक्षा, अर्थतन्त्र, वैदेशिक सहायता, सुशासन र कानुनलगायत सार्वजनिक नीतिका विविध क्षेत्रहरू समेटिएका कुल १४ वटा पाण्डुलिपिहरू प्राप्त भएका छन्। प्राप्त पाण्डुलिपिहरूमध्ये दुई वटा प्रारम्भिक समीक्षा तथा विज्ञ-समीक्षाबाट प्राप्त सुझावका आधारमा अस्वीकृत भएका छन् भने बाँकी १२ वटा पाण्डुलिपिहरू हाल विज्ञ-समीक्षा तथा आन्तरिक मूल्याङ्कनका विभिन्न चरणमा रहेका छन्। सार्वजनिक नीतिका विविध क्षेत्रहरूमा गुणस्तरीय अनुसन्धानात्मक लेखहरू प्रकाशन गर्दै प्रमाणमा आधारित नीति तर्जुमाका लागि ज्ञान उत्पादन गर्ने तथा नीति सरोकारवाला एवं प्राज्ञिक समुदायमाझ सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यसहित यस जर्नलले आवश्यक उच्च गुणस्तर मापदण्ड पूरा गरी लेख-सामग्रीहरू निरन्तर रूपमा प्रकाशन गर्दै आएको छ।

## चालु अध्ययनहरू

निम्नानुसारका अनुसन्धानहरू यस अवधिमा चालु रहे भने चालु अनुसन्धानहरूमध्ये केही अनुसन्धान प्रतिवेदनहरू आन्तरिक समीक्षा तथा प्रकाशनको तहमा रहे।

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| १ | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र | १.१ जलविद्युत् विकास नीति २०५८ को समीक्षा |
| | | १.२ Transforming Nepal through structural reforms |
| | | १.३ Infrastructure and economic development in Nepal: How to activate the linkages? |
| | | १.४ Efficiency and effectiveness of public expenditure management system in Nepal: Review of performance and way forward |
| | | १.५ Sustainable and environment-friendly extraction of riverine quarry and construction materials |
| | | १.६ Examining the alignment between monetary policy and fiscal policy for promoting sustainable economic development in Nepal |
| | | १.७ औद्योगिक विकास रणनीतिको तर्जुमाका लागि आधारपत्रको तयारी |
| | | १.८ Foreign direct investment commitment and its realization |
| | | १.९ राष्ट्रिय आवास नीति २०६८ को पुनरावलोकन |
| | | १.१० नेपालमा अनौपचारिक अर्थतन्त्रका अवस्था, चुनौती र यसका औपचारिकीकरणको मार्गचित्र |
| | | १.११ नेपालमा आन्तरिक रोजगारी र युवाका लागि अवसर सिर्जना (नीति सङ्क्षेप) |
| | | १.१२ EV in Nepal (नीति सङ्क्षेप) |

| क्र.सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| २ | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र | २.१ नेपालमा निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधार |
| | | २.२ संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता |
| | | २.३ विद्यालय शिक्षा सुधारका लागि शिक्षकको क्षमता अभिवृद्धि |
| | | २.४ नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस |
| | | २.५ संसदीय समितिका निर्देशनहरू कार्यान्वयन हुन नसक्नुका कारणहरू |
| | | २.६ Prospects and challenges of e-governance in Nepal: Citizen's perspectives |
| | | २.७ निजामती सेवामा उत्प्रेरणाको अवस्था |
| | | २.८ Epidemic management in Nepal: An inquiry into policy issues and crisis |
| | | २.९ प्रदेश सभाको विधायिकी कार्यसम्पादन अध्ययन |
| | | २.१० स्थानीय तहको कानुन निर्माण र सोको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन |
| | | २.११ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्य योजना २०७७ को समीक्षा |
| | | २.१२ रोजगारी प्रवर्धन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रयास, विद्यमान समस्या र सुधारका पक्षहरू |
| | | २.१३ राष्ट्रिय युवा नीति २०७२ को समीक्षा |
| | | २.१४ पिछडिएको वर्गको पहिचानका आधारहरू |
| | | २.१५ विपन्न खस आर्य पहिचानका आधारहरू |
| | | २.१६ सामाजिक सुरक्षा प्रणालीको एकीकरणका लागि सुझावहरू |
| | | २.१७ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण तथा उनीहरूबाट अर्जित पूँजी, ज्ञान र सीपको उपयोगको सम्भावना |
| | | २.१८ न्याय प्रणालीको वर्तमान अवस्था र भावी रूपरेखा |
| | | २.१९ चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र, छात्रवृत्ति प्रबन्ध, शुल्क निर्धारण र कार्य सञ्चालन प्रणालीका मामिलामा विस्तृत अध्ययन |
| | | २.२० सार्वजनिक निकाय (संस्था) हरूमा कार्यरत पदाधिकारी एवम् कर्मचारीहरूको आचरण तथा आचारसंहितासम्बन्धी अनुसन्धान |
| | | २.२१ राष्ट्रिय चलचित्र नीति, २०७१ को समीक्षा |
| | | २.२२ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को समीक्षा |
| | | २.२३ विदेशमा बस्नेसहित निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूको मतदान अधिकारको उपयोग |
| | | २.२४ विश्वविद्यालयहरूको शासकीय प्रणालीमा सुधारका उपायहरू (नीति सङ्क्षेप) |
| | | २.२५ अन्तरसरकारी समन्वयका संयन्त्रहरूको कार्यसम्पादन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप) |
| | | २.२६ नेपालमा जेन-जीः युवा लक्षित कार्यक्रमका प्राथमिकताहरू (नीति सङ्क्षेप) |
| | | २.२७ नेपालमा ज्येष्ठ नागरिकको स्याहार-सुसारसम्बन्धी नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप) |
| | | २.२८ नेपालमा जनस्वास्थ्य शिक्षाको अवस्था र सुधारका उपायहरू (नीति सङ्क्षेप) |

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| ३ | परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र | ३.१ नेपालमा नागरिक-सेना सम्बन्ध |
| | | ३.२ गैरपरम्परागत सुरक्षाः नेपालमा ऊर्जा सुरक्षाको परिदृश्य |
| | | ३.३ भारतको अग्निपथ योजनामा नेपाली नागरिकहरूको भर्तीको प्रश्न |
| | | ३.४ गैरआवासीय नागरिकता प्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन |
| | | ३.५ प्रस्तोता, ध्वनिअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (रोम महासन्धि, १९६१) को विश्लेषणात्मक अध्ययन |
| | | ३.६ बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरू |
| | | ३.७ Identification, promotion, and utilization of resources of soft power to achieve Nepal's foreign policy objectives |
| | | ३.८ नेपालमा साइबर अपराधको अवस्था, यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव र नियन्त्रणका उपायहरू |
| | | ३.९ सङ्कटपूर्ण अवस्थामा प्रवासी नेपालीहरूको उद्धार (नीति सङ्क्षेप) |
| | | ३.१० नेपाल र चीनबिचको रणनीतिक साझेदारीसम्बन्धी अध्ययन (नीति सङ्क्षेप) |
| | | ३.११ मानव सुरक्षाको सन्दर्भमा सडक सुरक्षाः सडक दुर्घटनाका कारण र निवारण (नीति सङ्क्षेप) |
| | | ३.१२ सीबेड माइनिङमा नेपालको अधिकार स्थापित गर्न आवश्यक नीतिगत, कानुनी र संरचनात्मक व्यवस्था (नीति सङ्क्षेप) |
| ४ | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र | ४.१ विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणालीको राष्ट्रिय सूचीकरणको रूपरेखा |
| | | ४.२ जनस्वास्थ्य प्रयोगशाला नीति २०५९ को समीक्षा |
| | | ४.३ National policy development framework for agriculture research in Nepal |
| | | ४.४ नेपालको कृषि क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन |
| | | ४.५ नेपालको स्वास्थ्य क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन |
| | | ४.६ राष्ट्रिय बीउ बिजन नीति २०५६ को समीक्षा |
| | | ७.७ नेपालका व्यावसायिक प्रतिष्ठानहरूमा नवप्रवर्तनको क्षमता र अवस्थाको मापन |
| | | ४.८ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयामः कृषि भूमिको आदर्श उपयोग निर्धारण |
| | | ४.९ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयामः समग्र भूमि नीतिको समीक्षा |
| | | ४.१० नेपालमा कृषि बीमा कार्यान्वयनको प्रभावकारिता सम्बद्ध समस्याहरू तथा समाधानका उपायहरू |
| | | ४.११ खानेपानीको स्रोत विविधीकरण (source diversification) को रूपमा सानो र ठुलो आकारमा बर्सातको पानी सञ्चयन (rainwater harvesting) को सम्भावनासम्बन्धी अध्ययन |
| | | ४.१२ जलवायु परिवर्तनले राष्ट्रिय सुरक्षामा पार्ने दीर्घकालीन प्रभाव र न्यूनीकरणका उपाय |

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| | | ४.१३ नेपालको कृषि क्षेत्रको कमजोर प्रतिस्पर्धी क्षमताका कारणहरू र यसको प्रतिस्पर्धी क्षमता बढाउने सम्भावित उपायहरू |
| | | ४.१४ राष्ट्रिय परमाणु नीति, २०६४ को अध्ययन तथा अनुसन्धान (नीति समीक्षा) |
| | | ४.१५ Scope of insurance mechanisms in mitigating human–wildlife conflict (नीति सङ्क्षेप) |
| | | ४.१६ Developing policy framework on biotoxicity (microtoxicity and nanotoxicology) in Nepal (नीति सङ्क्षेप) |
| ५ | सूचना तथा ज्ञान व्यवस्थापन विभाग | ५.१ Culture of knowledge transfer in public organizations of Nepal |
| | | ५.२ नेपालको संविधानमा दलितका लागि व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयन अवस्था, चुनौती र आगामी बाटो |
| ६ | अनुसन्धान विभाग | ६.१ सार्वजनिक सेवामा सदाचार प्रवर्धनका उपायहरू |
| | | ६.२ नेपालमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी समस्याको समाधानसहित सार्वजनिक, सरकारी तथा गुठी जग्गाको अतिक्रमण नियन्त्रणका उपायहरू |
| | | ६.३ २०४६ सालको परिवर्तनपछि श्रमिक तथा मजदुर वर्गको उत्थानका लागि राज्यले गरेका प्रयासहरूको समीक्षात्मक अध्ययन |

## नीति सिफारिस

आवश्यकताको आधारमा सार्वजनिक नीतिका विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गरी नीति सिफारिस गर्ने प्रतिष्ठानको प्रमुख कार्यदिशभित्र पर्ने भएकाले प्रतिष्ठानले सरकारलाई नीति सिफारिस गर्दै आएको छ। नेपाल सरकारका मन्त्रालयहरूबाट अनुरोध भई आएकामा प्रतिष्ठानले नीति मस्यौदा कार्यमा पनि सहयोग गर्दै आएको छ। प्रतिष्ठानले यस अवधिमा निम्नानुसारका नीति सिफारिसहरू सम्बन्धित निकायहरूमा पठाएको थियो।

### राष्ट्रिय कृषि नीति २०८२ (मस्यौदा) सुधार तथा परिमार्जनका लागि सुझाव

प्रतिष्ठानले २०८२ कार्तिक २८ गते 'राष्ट्रिय कृषि नीति-२०८२ (मस्यौदा)' मा सुधार तथा परिमार्जनका लागि सुझाव तयार गरी नेपाल सरकार कृषि मन्त्रालयमा प्रेषित गरेको थियो। प्रतिष्ठानले नीतिको पृष्ठभूमि खण्ड, समस्या, चुनौती तथा नीतिको आवश्यकतासम्बन्धी विषयमा सुझाव दिएको थियो। साथै, नीतिको संरचना, विषयवस्तुको स्पष्टता तथा समग्र नीतिगत ढाँचामा सुधार गर्नुपर्ने पक्षहरू औँल्याएको थियो।

नीतिले समेट्न वा स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने विषयहरू पहिचान गर्दै कृषि उत्पादन, बजार व्यवस्थापन, प्रविधि उपयोग, जलवायु परिवर्तन, संस्थागत समन्वय तथा कृषि रूपान्तरणसँग सम्बन्धित विषयमा सुझाव दिएको थियो। त्यसैगरी, कार्ययोजनाको समग्र सुधार, कार्यान्वयन प्रणाली सुदृढीकरण तथा उद्देश्यअनुसारका कार्ययोजनामा बुँदागत सुझाव प्रस्तुत गरी नीतिलाई थप व्यावहारिक, परिणाममुखी र कार्यान्वयनयोग्य बनाउन जोड दिएको थियो।

### तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा पृष्ठपोषण तथा सुझाव

प्रतिष्ठानले नेपाल सरकार अर्थ मन्त्रालयद्वारा तयार गरिएको तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा २०८२ साउन १८ गते पृष्ठपोषण तथा सुझाव प्रदान गऱ्यो। उक्त सुझाव तयारीको लागि प्रतिष्ठानले विषयगत विज्ञता र अनुभवका आधारमा तीन सदस्यीय आन्तरिक अध्ययन टोली गठन गरी रणनीतिको समीक्षा गरेको थियो। प्रतिष्ठानद्वारा सम्पन्न सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी अध्ययन, उपलब्ध साहित्य, तथ्याङ्क तथा सूचनाको अध्ययन-विश्लेषणका आधारमा ती सुझावहरू प्रतिवेदनको रूपमा प्रेषित भएका थिए।

प्रतिवेदनमा बजेट विश्वसनीयता र खर्च व्यवस्थापन सुधार, वित्तीय अनुशासन, पारदर्शिता र डिजिटलीकरण, राजस्व आधार सुदृढीकरण, वित्तीय हस्तान्तरण नीति सुधार, ऋण व्यवस्थापन तथा वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सम्पत्ति व्यवस्थापन सुधार, संस्थागत संरचना सुधार र क्षमता अभिवृद्धिजस्ता विषयमा सुझावहरू समेटिएका थिए। साथै, बजेट

कार्यान्वयन, लेखा तथा प्रतिवेदन प्रणाली सुदृढीकरण, स्रोत विनियोजन कौशल अभिवृद्धि, परियोजना सञ्चालन प्रणालीलाई राष्ट्रिय नीतिसँग सामञ्जस्य बनाउने तथा आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने विषयमा समेत खास सुझावहरू प्रतिवेदनमा समावेश थिए ।

## सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदामा थप सुधारका लागि पृष्ठपोषण तथा सुझाव

प्रतिष्ठानले सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदा सुधारका लागि २०८२ साउन १६ गते सम्बन्धित निकायमा आफ्नो सुझाव प्रस्तुत गर्‍यो । मस्यौदालाई सुधार गर्न मार्गदर्शक सिद्धान्त र सैद्धान्तिक आधार स्पष्ट गर्ने, अवसर विश्लेषण थप्ने तथा नीति कार्यान्वयनका लागि छुट्टै कार्ययोजना समावेश गर्ने मुख्य सुझाव दिइएको थियो । साथै, समस्या र चुनौतीलाई दोहोरिन नदिई व्यवस्थित रूपमा एकीकृत गर्नुपर्ने, संस्थागत संरचना र नीतिगत प्राथमिकताबिच स्पष्टता ल्याउनुपर्ने तथा सार्वजनिक-निजी साझेदारी, सङ्कट व्यवस्थापन, प्रभाव मूल्याङ्कन र सङ्घीय संरचनाअनुसार सार्वजनिक संस्थानहरूको पुनर्संरचनालाई स्पष्ट रूपमा समेट्नुपर्ने विषयहरूमा पनि खास सिफारिसहरू थिए ।

त्यसैगरी, सुशासन सुदृढीकरणका लागि नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, डिजिटलाइजेसन, समावेशीकरण र नवप्रवर्तनलाई नीतिमा मजबुत रूपमा समावेश गर्नुपर्ने लगायत कर्मचारी क्षमता विकास, परिणाममा आधारित कार्यसम्पादन मूल्याङ्कन, राजनीतिक हस्तक्षेप नियन्त्रण, पारदर्शिता, वित्तीय अनुशासन, रणनीतिक साझेदारी र कर्जा परिचालनजस्ता पक्षलाई स्पष्ट कार्यढाँचासहित समेट्नुपर्ने पनि सुझाइएको थियो । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन तेस्रो पक्षीय मूल्याङ्कन र स्पष्ट मापदण्ड आवश्यक हुने र दीर्घकालीन रूपमा छाता कानुन र हरित तथा नवप्रवर्तनमुखी संस्थानको अवधारणा विकास गर्नुपर्ने सुझाव दिइएको थियो ।

## राष्ट्रिय भू-उपग्रह नीति, २०८२ (मस्यौदा) मा सुधारका लागि पृष्ठपोषण तथा सुझावहरू

प्रतिष्ठानले २०८२ साउन १६ गते 'राष्ट्रिय भू-उपग्रह नीति, २०८२' को मस्यौदा सुधारका लागि पृष्ठपोषण तथा सुझाव प्रस्तुत गर्‍यो । नीतिको समग्र संरचना सकारात्मक रहेको उल्लेख गर्दै यसलाई अझ स्पष्ट, व्यावसायिक र प्रमाणमा आधारित बनाउनुपर्नेमा जोड दिँदै विशेषगरी 'भू-उपग्रह नीति, २०७७' को उपलब्धि, सीमितता र सिकाइहरूको संक्षिप्त समीक्षा समावेश गर्न, विगतका लक्ष्यहरू पूरा हुन नसक्नुका करणहरू विश्लेषण गर्न तथा नयाँ नीतिमा राखिएका लक्ष्यहरूको कार्यान्वयनयोग्यता पुनः परीक्षण गर्न सुझावहरू दिइएको थियो । साथै अन्तर्राष्ट्रिय संस्था र सन्धिहरूको स्पष्ट परिचय समावेश गरी नीति कार्यान्वयनको अन्तर्राष्ट्रिय सन्दर्भलाई मजबुत बनाउन पनि सुझाव गरिएको थियो ।

त्यसैगरी, प्रतिष्ठानले नीतिको लक्ष्य, कार्ययोजना र जोखिम व्यवस्थापन पक्षमा थप परिमार्जन आवश्यक रहेको औंल्याएको थियो । नवप्रवर्तन र स्टार्टअपलाई सहजीकरण गर्न regulatory sandbox जस्ता प्रयोगधर्मी कानुनी व्यवस्था समावेश गर्न, जोखिम व्यवस्थापनमा व्यावसायिकता सुनिश्चित गर्दै भावनात्मक वा प्रतीकात्मक अतिव्याख्याबाट बच्न तथा प्रत्येक जोखिमका व्यावहारिक समाधानहरू स्पष्ट गर्न सुझाव दिइएको थियो । साथै, जनशक्ति विकास, कार्यान्वयन समयसीमा, भू-उपग्रह स्थापनासम्बन्धी अपेक्षा तथा साना उपग्रह (pico, nano, micro satellite) को उपयोगलाई यथार्थपरक ढङ्गले समेट्नुपर्ने र विद्यमान पूर्वाधार तथा NepaliSat-1 जस्ता उपलब्ध अभ्यासलाई नीतिमा एकीकृत गर्नुपर्ने सुझाव पनि प्रस्तुत गरिएका थिए ।

## व्यक्तिगत डाटा संरक्षण नीति-२०८२ को मस्यौदामा सुधार तथा परिमार्जनका लागि सुझाव

प्रतिष्ठानले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको ई-गभर्नेन्स बोर्डद्वारा तयार गरिएको 'व्यक्तिगत डाटा संरक्षण नीति -२०८२' को मस्यौदामा सुधार तथा यसको परिमार्जनका लागि २०८२ साउन ४ गते सुझाव पेश गर्‍यो । यसका लागि प्रतिष्ठानले विषयगत विज्ञता र अनुभवका आधारमा चार सदस्यीय आन्तरिक अध्ययन टोली गठन गरेको थियो, आफ्नो वेबसाइट मार्फत सार्वजनिक रूपमा सुझाव आह्वान भएको थियो भने सरोकारवाला विज्ञ, सरकारी निकायका नीतिगत तहका कर्मचारी, कानुनविद्, प्राज्ञिक व्यक्तित्व, अनुसन्धान संस्था, निजी क्षेत्र तथा पत्रकारहरूको सहभागितामा सार्वजनिक नीति संवाद कार्यक्रम पनि आयोजना गरेको थियो । यी सबै विधिहरूबाट प्राप्त लिखित तथा मौखिक सुझावहरू समेत समेटी उक्त प्रतिवेदन तयार गरिएको थियो ।

प्रतिवेदनले व्यक्तिगत डाटाको परिभाषा र शीर्षकमा एकरूपता कायम गर्न, प्रचलित सम्बन्धित नीतिहरूसँग सामञ्जस्य सुनिश्चित गर्न तथा अन्तरसम्बन्धित विषयवस्तु स्पष्ट रूपमा समावेश गर्न सुझाव दिएको थियो । साथै, मस्यौदाको प्राविधिक पक्षमा थप परिमार्जन आवश्यक रहेको, संस्थागत नीतिगत व्यवस्थाहरू स्पष्ट गर्नुपर्ने र प्रस्तावित संस्थागत संरचनालाई

कार्यान्वयनयोग्य र प्रभावकारी बनाउने आवश्यकता औंल्याई ती पक्षहरूमा गरिनुपर्ने खास सुधार र समेटिनुपर्ने विषयहरू प्रतिवेदनले उल्लेख गरेको थियो ।

## नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३० ले सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाइने उल्लेख भएबमोजिम उक्त प्रावधानलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा नेपाल सरकारले नीति प्रयोगशाला (Policy Lab) स्थापना गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भई २०८१ फागुनदेखि कार्यान्वयनमा आएको उक्त प्रयोगशालामा नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा ९ जनाको नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको बैठकमा निरन्तर सहभागी भई कार्य गर्दैआएको छ ।

नेपाल सरकारका मन्त्रालय तथा निकायबाट आएका नयाँ नीति तर्जुमा र संशोधन प्रस्तावहरूमा सैद्धान्तिक सहमति प्रदान गर्ने, तिनलाई अन्य नीतिसँग सामञ्जस्य, एकरूपता र अन्तरसम्बन्ध कायम गर्न निर्देशन दिने; नीति कार्यान्वयनमा सुधार आवश्यक क्षेत्र पहिचान गरी सहजीकरण गर्ने; समसामयिक नीतिगत विषयमा अध्ययन-अनुसन्धानको आवश्यकता निर्धारण गरी सम्बन्धित निकायलाई निर्देशन दिने तथा अनुसन्धानका निष्कर्षलाई भविष्यका नीति निर्माणमा उपयोग गर्ने नीति प्रयोगशालाको प्रमुख उद्देश्यहरू रहेका छन् ।

नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई यस अवधिमा प्रतिष्ठानले विभिन्न ७ वटा नीतिहरूउपर आफ्ना राय सुझाव दिएको थियो ।

छलफलमा सहभागी हुनुपूर्व सम्बन्धित नीतिहरूमा राय सुझावका लागि प्रतिष्ठानले सम्बन्धित विधामा दखल राख्ने अनुसन्धान समूहका अध्येताहरूको आन्तरिक रूपमा अध्ययन टोली गठन गरी राय सुझाव तय गर्दै आएको छ ।

| क्र.सं. | नीति प्रयोगशाला निर्देशक समितिको बैठक मिति | छलफल भएको राष्ट्रिय नीति |
|---|---|---|
| १ | २०८२ साउन ९ | - व्यक्तिगत डाटा संरक्षण नीति, २०८२ |
| २ | २०८२ साउन २३ | - राष्ट्रिय भू-उपग्रह नीति, २०८२<br>- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२<br>- राष्ट्रिय सडक सुरक्षा नीति, २०८२ |
| ३ | २०८२ साउन २८ | - वित्तीय क्षेत्र विकास रणनीति, २०८२/८३-२०८६/८७<br>- तेश्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति, २०८२-२०८७ |
| ४ | २०८२ कार्तिक १८ | - राष्ट्रिय कृषि नीति, २०८२ |

## सार्वजनिक नीति संवाद

अनुसन्धान आवश्यकता पहिचान गर्न, प्रमाणमा आधारित अनुसन्धान हुने सुनिश्चित गर्न, अनुसन्धानको निष्कर्षलाई मान्यता दिन, अनुसन्धान प्रतिवेदनहरू समीक्षा गर्न तथा सरोकारवालाहरूबिच अनुसन्धान निष्कर्षहरू आदानप्रदान गर्नको लागि प्रतिष्ठानले विभिन्न तहमा सहकार्य र समन्वय गर्दै आएको छ । प्रतिष्ठानले सरोकारवालाहरूको संलग्नतामा सार्वजनिक नीति संवाद पनि गर्दै आएको छ । यस सम्बन्धमा प्रतिष्ठानले यस अवधिमा निम्नानुसारको नीति संवादहरू आयोजना गऱ्यो ।

### विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोगसम्बन्धी अनुसन्धान परियोजनाको परामर्श कार्यशाला

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुरोध भए बमोजिम नेपाल सरकारको माइलस्टोनमा समावेश हुने गरी नीति अनुसन्धान प्रतिष्ठानबाट "विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण

तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोग" सम्बन्धमा अनुसन्धान कार्य सञ्चालन भइरहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले अध्ययनको प्रारम्भिक चरणमा मुख्य सरोकारवाला, विषय विज्ञ तथा जानकार व्यक्तित्वहरूसँग छलफल गरेर पृष्ठपोषण लिने अभिप्रायले पुस २४ गते नीति अनुसन्धान प्रतिष्ठानको सभा हलमा एक परामर्श कार्यशाला आयोजना गऱ्यो। उक्त कार्यशालामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंक, तालिम प्रदायक निकायहरू, श्रम आप्रवासनसम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू लगायत यस विषयमा विभिन्न तह र रूपमा अध्ययनमा संलग्नहरू गरी जम्मा २५ जना विज्ञहरूको सहभागिता रहेको थियो।



कार्यशालामा "विदेशबाट फर्किएका व्यक्ति" को परिभाषाभित्र श्रम स्वीकृत लिएर विदेश गई फर्किएकाहरूलाई मात्र समावेश गर्दा अधुरो हुने र नीतिगत तहमा अध्ययन गर्दा bilateral migration (विद्यार्थी, श्रमिक) का साथै unilateral migration (गन्तव्य राष्ट्रको स्थायी बसोबास अधिकार लिएर) अन्तर्गत विदेश गएका व्यक्तिहरूको सिप, पुँजी र ज्ञानको उपयोगसम्बन्धी विषय पनि महत्त्वपूर्ण हुने सबै सहभागीहरूको धारणा रहेको थियो। छलफलका क्रममा सहभागीहरूले आप्रवासनसम्बन्धी केही तथ्याङ्कहरू उपलब्ध भए तापनि फर्किएका व्यक्तिहरूको एकीन विवरण नभएको र यस कार्यमा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार बमोजिम migration profile बनाएर विदेशबाट फर्किएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहलाई जिम्मेवार बनाइनुपर्ने तर्क प्रस्तुत गर्नुभएको थियो।

सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता आदिका साथै वास्तविक आवश्यकता भएका व्यक्ति पहिचान गरी सिपमूलक तालिम प्रदान गर्ने; तालिमपश्चात् व्यवसायमा संलग्न हुन उपयुक्त वातावरण प्रदान गर्ने; विदेशबाट सिकेको सिपको परीक्षण र प्रमाणिकरण गर्ने तथा सोही सिपअनुसारको क्षेत्रमा पुनःएकीकरण गर्ने; निजी क्षेत्रसँगको सहकार्य र उनीहरूको परिचालन गर्ने जस्ता कार्यहरूमा ध्यान दिनुपर्ने सरोकारवालाहरूको राय रहेको थियो। करिब दुई तिहाई घर परिवार आप्रवासनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको परिप्रेक्ष्यमा सबै ७५३ पालिकाहरूमा पुनःएकीकरण तथा ज्ञान, सिप र पुँजीको उपयोग सम्बन्धमा कार्यक्रम विस्तार गरिनुपर्ने; विभिन्न विधागत नीतिहरूले समेत यस पक्षलाई आत्मसात् गर्नुपर्ने; सङ्घीय तथा स्थानीय तहमा निर्माण हुने नीतिहरू तथा विभिन्न संघसंस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूमा दोहोरोपन नहुने गरी एउटै छाताभित्र समेटिनुपर्ने जस्ता नीतिगत सुझावहरू पनि प्राप्त भएका थिए।

कार्यशालाका सहभागीहरूले सुखद अनुभवसहित विदेशबाट फर्किएकाहरूबाट समाज तथा परिवारले गर्ने अपेक्षा तथा दुःखद अनुभव बोकेर आउनेहरूलाई गरिने विभेद दुवै पक्षलाई केलाउँदै आर्थिक, सामाजिक र मानसिक रूपमा एकीकरण सुनिश्चित गर्ने र उनीहरूको ज्ञान, सिप र पुँजीको उपयोग गर्ने व्यावहारिक र नीतिगत सिफारिसहरू प्रस्तुत हुने अपेक्षा राख्नुभयो।

## नेपालमा परमाणु प्रविधिको प्रयोग, समस्या र अवसरसम्बन्धी सार्वजनिक नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठानले "राष्ट्रिय परमाणु नीति, २०६४" को समीक्षात्मक अध्ययन अघि बढाएको सन्दर्भमा सो अध्ययनको लागि सरोकारवाला तथा विज्ञहरूसँग राय, सुझाव लिने, आवश्यक तथ्याङ्क सङ्कलन गर्ने तथा अध्ययनको प्रारम्भिक मस्यौदाउपर पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले प्रतिष्ठानको सभा हलमा मङ्सिर ११ गते "नेपालमा परमाणु प्रविधिको प्रयोगः समस्या, अवसर र नीति" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न गर्‍यो ।




उक्त संवादमा परराष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, खानी तथा भूगर्भ विभाग र अन्य सरकारी निकायका प्रतिनिधिहरू, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाली सेना, त्रिभुवन विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, वीर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, नेपाल सेन्टर अफ न्यूक्लियर मेडिसिन, प्रहरी र सशस्त्र प्रहरी बलका प्रतिनिधिहरू, अन्य अनुसन्धान र शिक्षण संस्थाका प्रतिनिधिहरू, विषय विज्ञ तथा प्रतिष्ठानका अनुसन्धाताहरू गरी ३९ जनाको सहभागिता रहेको रहेको थियो ।

प्रतिष्ठानले अध्ययनको प्रारम्भिक मस्यौदाबारे प्रस्तुतीकरण दिँदै आणविक विज्ञानको पृष्ठभूमि, आणविक नीति, अनुसन्धान र विकासका लागि संलग्न अन्तर्राष्ट्रिय संस्थाहरू, परमाणु प्रविधिको उपयोगका क्षेत्रहरूबारे प्रकाश पारेको थियो । यसका साथै, प्रस्तुतीकरणमा सुरक्षा, ऊर्जा, स्वास्थ्य, कृषि तथा वातावरण लगायत आणविक प्रविधिका आयामहरूसहित छिमेकी राष्ट्रहरूमा आणविक प्रविधिको अवस्थाको विषय पनि उजागर गरिएको थियो । प्रस्तुतीकरणले नेपालको राष्ट्रिय परमाणु नीतिसँग सम्बन्धित नीति, ऐन, नियमावली र निर्देशिकासहितका नीतिगत प्रावधानहरू विस्तृत रूपमा समेटेको थियो ।

आफ्ना राय, सुझाव प्रस्तुत गर्ने क्रममा स्वास्थ्य क्षेत्रका प्रतिनिधिहरूले आणविक प्रविधिको प्रयोग आधुनिक स्वास्थ्य प्रविधिमा निकै महत्त्वपूर्ण रहेको भए तापनि नेपालमा नीतिगत जटिलताले गर्दा आणविक प्रविधिको निर्यात र प्रयोगमा समस्या रहेको विषय प्रस्तुत गर्नुभयो । यसका साथै आणविक प्रविधि विश्वमा निकै अघि बढेको सन्दर्भमा नेपालमा सामान्य आणविक औषधिमा प्रयोग हुने साइक्लोट्रोनसम्म पनि उत्पादन गर्न नसक्नु एक गम्भीर समस्या रहेकाले नीतिगत रूपमा यी समस्याहरूको सम्बोधन हुनु आवश्यक रहेकोमा जोड दिनुभयो ।

खानी तथा भूगर्भ, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्लगायत आणविक प्रविधिको प्रयोग गरी अनुसन्धान गर्ने निकायका प्रतिनिधिहरूले नेपालको आणविक प्रविधि प्रयोग गर्न आवश्यक पूर्वाधार र दक्ष मानवस्रोतको अवस्था निकै कमजोर रहेको र यसको विकास एवम् विस्तार गर्न नीतिले सहज वातावरण सिर्जना गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो ।

यसका साथै नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरूले आणविक प्रविधिको शान्तिपूर्ण प्रयोग भइरहेको अहिलेको अवस्थामा यसको महत्त्व बढेको तर यस प्रविधिको प्रयोग जोखिमयुक्त र जटिल रहेको हुनाले नीतिगत सुधार गर्दा क्षमता

विकास, आणविक प्रविधिको सदुपयोग सँगसँगै प्रभावकारी अनुगमन र मूल्याङ्कनको पक्ष पनि समावेश हुनुपर्ने र यस विषयमा सम्बन्धित मन्त्रालयहरू गम्भीर रहेकोमा प्रष्ट पार्नुभयो ।

## विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू विषयक सार्वजनिक नीति संवाद

प्रतिष्ठानले मङ्सिर ७ गते "विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू" विषयक नीति संवाद आयोजना गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अनुरोधमा गरिएको द्रुत अध्ययनको मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण, विज्ञहरूबाट राय-सुझाव र आवश्यक तथ्याङ्क सङ्कलन गरी मस्यौदा प्रतिवेदनलाई पृष्ठपोषण गर्नु उक्त कार्यक्रमको उद्देश्य थियो ।



कार्यक्रममा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, हुलाक सेवा विभाग, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सूचना प्रविधि विज्ञ, जेन-जी युवा, सामाजिक अभियन्ता, विभिन्न सञ्चार माध्यम तथा सञ्चारकर्मी र नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिहरूसहित सरकारी निकाय, राजनीतिक पार्टी, अनुसन्धान तथा शिक्षण संस्था, मिडिया र सञ्चार, युवा तथा विशेष प्रतिनिधि र निजी/संस्थागत प्रतिनिधिहरू गरी कुल ७५ महानुभावहरूको उपस्थिति थियो ।

प्रतिष्ठानले मस्यौदा प्रतिवेदन प्रस्तुत गर्दै नेपालको आप्रवासन अवस्था, विदेशमा रहेका मतदाताको सङ्ख्या, यस किसिमको मतदानका सम्बन्धमा रहेका संवैधानिक तथा कानुनी प्रावधान, सोही सम्बन्धमा सर्वोच्च अदालतका नजिरहरू र आवश्यक कानुन संशोधनका विषयमा प्रकाश पार्दै अन्तर्राष्ट्रिय अभ्यास र हुलाक मार्फत डिजिटल पहिचानसहित मतदान, कूटनीतिक नियोगमा प्रत्यक्ष मतदान, अनलाइन (इन्टरनेट) मतदान आदिजस्ता मतदान विधिहरूको बारेमा जानकारी गराएको थियो ।

प्रस्तुतीकरणपछि सहभागीहरूले प्रशासनिक र कूटनीतिक तयारीका कठिनाइहरू तथा कूटनीतिक नियोगको मानवस्रोत र क्षमता अभावजस्ता व्यावहारिक चुनौतीहरू औंल्याउनुभयो । सबै देशमा नियोग नरहेको र स्थानीय कानुनी जटिलताका कारण इन्टरनेट मतदान सबैभन्दा व्याहारिक विकल्प भएको सहभागीहरूको धारणा रहेको थियो । राजनीतिक दलका प्रतिनिधिहरूले विदेशमा रहेका नेपाली नागरिक समूहलाई निर्वाचनमा समावेश गर्नु निकै राम्रो विषय भए तापनि निर्वाचनमा समावेश गर्न प्रयोग गरिने निर्वाचन विधि र प्रणालीलाई पारदर्शी, जवाफदेही, सुरक्षित र विश्वासिलो बनाएर अघि बढ्नु उपयुक्त हुने विचार प्रस्तुत गर्नुभयो । जेन-जी र सामाजिक अभियन्ताहरूले युवा पुस्ताको आकाङ्क्षा समावेश गर्न यो व्यवस्था आवश्यक भएकोमा जोड दिनुभयो । निर्वाचन तथा सूचना प्रविधि विज्ञहरूले सफ्टवेयर, डिजिटल सुरक्षा, मतदाता पहिचान र नामावली व्यवस्थापनमा पारदर्शिता बढाउन ब्लकचेनजस्ता प्रविधि प्रयोग गर्ने लगायतका प्राविधिक सुझाव प्रस्तुत गर्नुभयो । गृह

मन्त्रालयका प्रतिनिधिहरूले प्राप्त सुझावहरूलाई सारगर्भित र दिशानिर्देशमूलक रहेको र आगामी निर्वाचन सञ्चालनका लागि मन्त्रालय तयार रहेको जानकारी दिनुभयो ।

## देशबाहिरबाट र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गर्ने व्यवस्था सम्बन्धमा सार्वजनिक नीति संवाद

प्रतिष्ठानले कार्तिक २३ गते आफ्नो सभा हलमा "विदेशमा बस्ने नेपाली नागरिक र निर्वाचन क्षेत्रबाहिर रहेका नागरिकको मतदान अधिकार" विषयक नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा नीति अनुसन्धान प्रतिष्ठानले सञ्चालन गर्दै गरेको उक्त विषयको द्रुत अध्ययनको मस्यौदा प्रतिवेदनमा विज्ञ राय, सुझाव तथा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने र पृष्ठपोषण समेत प्राप्त गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।



कार्यक्रममा विभिन्न सरकारी निकाय, शैक्षिक संस्थान, नीति तथा अनुसन्धान संस्था, नागरिक समाज, निजी क्षेत्र र सञ्चार माध्यमका प्रतिनिधिहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका सहभागीहरूसहित कुल ६९ जनाको उपस्थिति थियो । उक्त कार्यक्रममा पूर्वनिर्वाचन आयुक्तहरू, निर्वाचन आयोग, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, हुलाक सेवा विभाग, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल प्रहरी तथा साइबर ब्युरोका पदाधिकारीहरूका साथै त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायतका शैक्षिक संस्थानका प्राज्ञिक वर्ग, सूचना प्रविधि क्षेत्रका विज्ञहरू, गैरआवासीय नेपालीसँग आबद्ध संस्थाका प्रतिनिधिहरू, जेन-जी युवा प्रतिनिधिहरू, सामाजिक अभियानीहरू र विषय विज्ञहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधिहरूले विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान प्रक्रियामा समावेश गर्दाका व्यावहारिक पक्षका बारेमा प्रकाश पार्नुभयो । उहाँहरूले विदेशका मतदातालाई मतदानमा सहभागी गराउन सरकारले निर्वाचनसँग सम्बन्धित प्रशासनिक प्रक्रियाको तयारी सँगसँगै अन्य देशहरूसँग यस व्यवस्थाका लागि कूटनीतिक तयारी पनि आवश्यक रहेको धारणा प्रस्तुत गर्नुभयो । साथै, निर्वाचन गराउन नेपालमा रहेका कूटनीतिक नियोगको मानवस्रोत र क्षमता पनि अहिलेको अवस्थामा पर्याप्त नभएकाले त्यस विषयको पनि सम्बोधन हुनु आवश्यक रहेको जानकारी प्रस्तुत गर्नुभयो । सबै राष्ट्रहरूमा नेपालको कूटनीतिक नियोग नभएको र भएकामा पनि सो राज्यको आफ्नो कानुनी व्यवस्थाका जटिलताले गर्दा विभिन्न निर्वाचन प्रक्रियामध्ये आई-भोटिङ अर्थात् इन्टरनेट मार्फत भोटिङ गर्ने व्यवस्था सबैभन्दा उचित देखिएको धारणा प्रस्तुत गर्नुभयो ।

वैदेशिक रोजगारमा रहेका तथा आप्रवासी नेपालीसँग सम्बन्धित संस्थाहरूका प्रतिनिधिहरूले नेपालको जनसङ्ख्याको ठूलो हिस्सा विदेशमा रहेको र निर्वाचन प्रणालीमा यसरी ठूलो सङ्ख्याको मत छुट्नु निकै गम्भीर विषय रहेको तर्क प्रस्तुत गर्नुभयो । उहाँहरूले नेपालको आगामी निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरूलाई समावेश गर्दा नेपाल सरकारलाई

आवश्यक आर्थिक तथा प्राविधिक दुवै किसिमका सहयोग गर्न आप्रवासी नेपालीहरू तत्पर रहेका र आगामी निर्वाचनमा राज्य सञ्चालनको लागि अति महत्त्वपूर्ण निर्वाचन प्रक्रियामा सहभागी हुन उत्साहित रहेको धारणा प्रस्तुत गर्नुभयो ।

जेन-जी प्रतिनिधिहरू र सामाजिक अभियानीहरूले पनि विभिन्न चरणका छलफलमा सहभागी भएको अनुभव र आफूहरूले गरेको अध्ययन अनुसार विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था सम्भव रहेको तर्क प्रस्तुत गर्नुभयो । अहिलेको युवा पुस्ताको आकाङ्क्षा र धारणालाई राज्य व्यवस्थामा समावेश गर्नका लागि पनि यो व्यवस्था सुनिश्चित गर्न अति आवश्यक रहेको विषयमा जोड दिनुभयो ।

निर्वाचन र सूचना प्रविधि क्षेत्रका विज्ञहरूले विभिन्न निर्वाचन प्रक्रियाका प्राविधिक पक्षहरूमा आफ्नो धारणा प्रस्तुत गर्दै निर्वाचनका लागि प्रविधिको प्रयोग र त्यससँग सम्बन्धित प्राविधिक पक्षका आयामहरू जस्तैः सफ्टवेयरको प्रयोग र डिजिटल सुरक्षाका उपाय, प्रविधिको प्रयोग गरी सम्पन्न हुने निर्वाचन प्रणालीलाई विश्वासिलो र पारदर्शी बनाउन ब्लकचेन आदिको प्रयोग र मतदाताको पहिचान र मतदाता नामावलीको सङ्कलनमा प्रविधिको प्रयोग गर्ने उपायहरूबारे विस्तृत राय प्रस्तुत गर्नुभयो ।

निर्वाचन आयोगका प्रतिनिधिहरूले पनि विज्ञहरूबाट प्राप्त राय सुझावले निर्वाचन आयोगलाई विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्थाका लागि निकै सारगर्भित र महत्त्वपूर्ण दिशानिर्देश भएको धारणा प्रस्तुत गर्नुभयो । यसका साथै निर्वाचन आयोग आगामी निर्वाचन गराउन तत्पर र तयार रहेको जानकारी पनि प्रस्तुत गर्नुभयो ।

## जनस्वास्थ्य शिक्षा तथा जनशक्तिसम्बन्धी नीति संवाद सम्पन्न

नीति अनुसन्धान प्रतिष्ठानले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा साउन २८ गते "नेपालमा जनस्वास्थ्य शिक्षा तथा जनशक्तिः वर्तमान अवस्था र भावी कार्यदिशा" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गर्‍यो । उक्त विषयमा प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रबाट नीति सङ्क्षेप तयार गर्न एक अध्ययन टोली गठन भई अध्ययन सुरु भएको सन्दर्भमा सम्बद्ध विषय विज्ञहरू तथा सरोकारवालाहरूको राय, सुझाव तथा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।




कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका २७ जना सहभागी तथा आमन्त्रित ३४ जना प्रतिनिधिहरूको सक्रिय सहभागितासहित कुल ६१ जना सहभागी उपस्थित थिए । कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्य सरकारी निकायका प्रतिनिधिहरू; पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठन, मदन भण्डारी स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठान लगायत अन्य प्राज्ञिक संस्थाका प्रतिनिधिहरू; नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल स्वास्थ्य संघ तथा अन्य गैरसरकारी संस्थाका प्रतिनिधिहरू; नेपालको जनस्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने जनस्वास्थ्यविद्हरू; र नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धाताहरूको सहभागिता थियो । प्रतिष्ठानको सूचना

तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

उपस्थित सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष, प्रा.डा. लेखनाथ शर्माले स्वास्थ्य सेवा भनेको उपचार गर्ने सेवा मात्र हो भन्ने भाष्य स्थापित भएको र यसमा परिवर्तन हुन आवश्यक रहेको तर्क प्रस्तुत गर्नुभयो । नेपालको जनस्वास्थ्य शिक्षा र यस क्षेत्रमा आबद्ध जनशक्तिले सामना गर्नुपरेका चुनौतीहरूको समाधानका लागि सरोकारवालाहरूको राय र पर्याप्त अनुसन्धान दुवै अपरिहार्य रहेको कुरामा उहाँले जोड दिनुभयो ।

छलफलको प्रारम्भमा अध्ययन टोलीको प्रतिनिधित्व गर्दै प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रका अनुसन्धानकर्ता अशोक पाण्डेले गर्नुभएको प्रस्तुतीकरणमा स्वास्थ्यसम्बन्धी प्रमुख सूचकहरू, स्वास्थ्य क्षेत्रमा आबद्ध जनशक्तिको अवस्था, जनस्वास्थ्यको विषय आकर्षित हुने केही कानुनहरू, चुनौतीहरू र नीति संवादका विषयवस्तुमाथि प्रकाश पारिएको थियो । यसैगरी, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्राध्यापक डा. सुदर्शन पौडेलले नेपालमा जनस्वास्थ्य विकास, संस्थागत अवस्था, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सञ्चालित कार्यक्रमहरूको उद्देश्य र बहसका विषयवस्तुबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा जनस्वास्थ्य शिक्षाको सान्दर्भिकता तथा जनस्वास्थ्यकर्मीलाई आकर्षित गर्न र टिकाइ राख्न आवश्यक नीतिगत र प्रोत्साहनात्मक व्यवस्था बारेमा छलफल गर्दै सहभागीहरूले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

जनस्वास्थ्य शिक्षालाई व्यावहारिक र समयसापेक्ष बनाई समुदाय तथा रोजगारसँग जोड्नका लागि आवश्यक सुधारका पहलहरू; जनस्वास्थ्य जनशक्तिको उत्पादन र परिचालनको प्रभावकारिताका लागि सरकारी निकाय र शैक्षिक संस्थाहरूबिच सहकार्य र समन्वयको अपरिहार्यता, र सेवाबाट वञ्चित क्षेत्रमा जनस्वास्थ्यकर्मीलाई आकर्षित गर्न र टिकाइ राख्नका लागि गरिनुपर्ने नीतिगत र प्रोत्साहनात्मक व्यवस्था संवादमा उठान गरिएका र छलफलका मुख्य विषयवस्तुहरू थिए ।

सहभागीहहरूबाट व्यक्त मुख्य सार प्रस्तुत गर्दै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक प्रा.डा. केदार बरालले जनस्वास्थ्य शिक्षा तथा जनशक्ति विकास र व्यवस्थापनमा रहेका चुनौतीहरूको सामाना गरेर अघि बढ्नुपर्ने र जनताको स्वास्थ्य प्रवर्धन र सुधारका लागि यस क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको भन्दै नीतिगत तहमा ध्यानाकर्षण आवश्यक रहेको टिप्पणी गर्नुभयो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले अध्ययनका लागि सहभागीहरूले प्रस्तुत गर्नुभएको राय सुझाव निकै सारगर्भित रहेको उल्लेख गर्दै कार्यक्रममा सहभागी भइदिनुभएकोमा धन्यवाद तथा कृतज्ञता ज्ञापन गरी कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

## शिक्षाशास्त्र र शिक्षक शिक्षासम्बन्धी नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल शिक्षाशास्त्री समाजको सहकार्यमा शिक्षाशास्त्र र शिक्षक शिक्षासँग सम्बन्धित सरोकारवालाहरूको सहभागितामा एक सार्वजनिक नीति संवाद कार्यक्रम साउन २७ गते सम्पन्न भयो । विद्यालय शिक्षा विधेयक तत्कालीन संसदबाट पारित हुने क्रममा रहेको सन्दर्भमा शिक्षाशास्त्र र शिक्षक शिक्षाको सम्बन्धमा नेपाल सरकारले लिनुपर्ने सुस्पस्ट नीतिगत अवधारणाबारे छलफल गरी प्राप्त निष्कर्षको आधारमा नेपाल सरकारसमक्ष नीतिगत सुझावहरू प्रस्तुत गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा प्रतिनिधि सभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्य, विभिन्न विश्वविद्यालयका प्राध्यापक, नेपाल शिक्षाशास्त्री समाजका विद्वत् वर्ग, शिक्षक संघका प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धातासहित नेपाल शिक्षाशास्त्री समाजका सहभागीहरू गरी कुल ६१ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

उपस्थित सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष, प्रा.डा. लेखनाथ शर्माले अन्तर्राष्ट्रिय सन्दर्भमा उपयुक्त मानिएका विविध संरचनागत परिवर्तनहरू नेपालमा समेत अवलम्बन गर्नु उचित हुन्छ वा हुँदैन भन्ने यकिन गर्न सरोकारवालाहरूको राय र पर्याप्त अनुसन्धान दुवै अपरिहार्य रहेकोमा जोड दिनुभयो । प्रतिनिधि सभाका माननीय सदस्य सुमना श्रेष्ठले सभामा पेस हुने विधेयक तथा त्यसउपर हुने छलफल र संशोधनका प्रस्तावहरूबारे सरोकारवाला निकाय तथा विद्वत् वर्ग जानकार हुनुपर्ने र सोहीअनुसार उहाँहरूबाट प्राप्त सुझाव मनन गरी आवश्यक पहलकदमी गर्न समिति तत्पर रहेको उल्लेख गर्नुभयो ।

छलफलको प्रारम्भमा प्रा.डा. बासुदेव काफ्लेले शिक्षक शिक्षाको संरचनामा आवश्यक सुधारबारे प्रस्तुतीकरण गर्नुभयो । उहाँले शिक्षक शिक्षा र शिक्षक तालिम/तयारीबिचको तात्विक भिन्नता, शिक्षक शिक्षा एक विषय मात्र हो या विधा नै हो र शिक्षक शिक्षाले शिक्षा प्रणालीमा कस्तो रूपान्तरण ल्याउन सक्छ भन्ने जस्ता विषयवस्तु उठान गर्नुभएको थियो । त्यसपछि

शिक्षाशास्त्र र शिक्षक शिक्षाको औचित्य र अपरिहार्यताबारे छोटो प्रस्तुतीकरण मार्फत प्रा.डा. पेशल खनालले छलफलको मुख्य विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो ।




उक्त कार्यक्रममा शिक्षाशास्त्रको सान्दर्भिकता तथा विद्यालय शिक्षामा शिक्षक प्रवेशको न्यूनतम योग्यताका बारेमा छलफल गर्दै शिक्षक शिक्षा (बी.एड/एम.एड) को सबलीकरण, विभिन्न विश्वविद्यालयका कार्यक्रमबीच समन्वय र एकरूपता र विद्यालय शिक्षा र उच्च शिक्षाका नीतिमा समावेश हुनुपर्ने विषयमा सहभागीहरूले आ-आफ्ना राय प्रदान गर्नु भएको थियो ।

सहभागीहरूबाट प्राप्त राय सुझावहरूको मुख्य सार प्रस्तुत गर्दै नेपाल शिक्षाशास्त्री समाजका अध्यक्ष प्रा.डा. तीर्थराज पराजुलीले शिक्षक शिक्षाको गुणस्तर सुनिशिचित गर्न शिक्षक आफैं पनि जबाफदेही हुनुपर्ने विषयलाई आत्मसात् गर्दै समग्र शिक्षा प्रणालीको सुधारका लागि नीतिगत पहल आवश्यक रहेको बताउनुभयो ।

## सहकार्य, समन्वय तथा तालिम

### प्रशिक्षण अभिमुखीकरण

#### नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति नवप्रवर्तन प्रशिक्षणमा प्रतिष्ठानको सहभागिता एवम् सहकार्य

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा नीति अनुसन्धान प्रतिष्ठानको सहकार्यमा सार्वजनिक नीतिमा नवप्रवर्तन र प्रमाणको प्रयोग विषयक सात-दिने पेशागत प्रशिक्षण कार्यक्रम मङ्सिर २४ देखि पुस ३ गतेसम्म नीति अनुसन्धान प्रतिष्ठानसमेतको सहभागिता र सहकार्यमा सम्पन्न भयो । शासकीय तथा विकास व्यवस्थापन सिकाइ समूह अन्तर्गतको विकास नीति तथा व्यवस्थापन केन्द्रद्वारा सञ्चालन हुने उक्त प्रशिक्षण कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानबाट निरन्तर संस्थागत सहकार्य हुँदै आएको छ ।

उक्त तालिममा नेपाल सरकारका सङ्घीय मन्त्रालयहरू: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; परराष्ट्र मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; सहरी विकास मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय लगायत अन्य निकायहरू: राष्ट्रिय मानव अधिकार आयोग; महान्यायधिवक्ताको कार्यालय; सशस्त्र प्रहरी बल नेपाल; खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड; कर्मचारी सञ्चय कोष; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कोशी प्रदेश); पोखरा विश्वविद्यालय स्कुल अफ बिजनेस; नेपाल विद्युत् प्राधिकरण; नेपाल प्रहरी र बुढानीलकण्ठ नगरपालिकाका ३४ जना अधिकृत द्वितीय श्रेणी र सो सरहका कर्मचारीहरूको

सहभागिता रहेको थियो। प्रशिक्षण अवधिमा दुई-दिने सैद्धान्तिक कक्षा, दुई-दिने स्थलगत अध्ययन, दुई-दिने नीति मस्यौदाको तयारी र एक-दिने प्रस्तुतीकरण तथा पृष्ठपोषण कार्यक्रम सञ्चालन गरिएको थियो।




वैज्ञानिक प्रमाणको प्रयोग मार्फत नीतिनिर्माणमा नवप्रवर्तनशील दृष्टिकोणहरू लागु गर्नका लागि मध्यम तहका सरकारी अधिकृत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ सञ्चालित उक्त प्रशिक्षणमा नीति अनुसन्धान प्रतिष्ठानबाट वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारी र सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले प्रशिक्षकको रूपमा प्रस्तुतीकरण दिनुभएको थियो। त्यसैगरी, प्रतिष्ठानका अध्येताहरूः अनुसन्धानकर्ताद्वय डा. प्रदिप पन्थी र डा. सुबास अधिकारी, तथा विश्लेषकहरू सोनिया बस्याल, प्राञ्जल रिजाल र सुधीर श्रेष्ठले प्रशिक्षार्थी तथा टोली सहजकर्ताको रूपमा सहभागिता जनाउनुभएको थियो।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले सार्वजनिक नीतिको दर्शनशास्त्रसम्बन्धी विषयवस्तुमा केन्द्रित प्रस्तुतीकरण र अन्तरक्रियात्मक प्रशिक्षणका माध्यमबाट नीति निर्माणमा प्रमाण तथा सैद्धान्तिक ज्ञानको अपरिहार्यता रहनेमा जोड दिनुभयो। त्यसैगरी, नीतिनिर्माणको प्रणालीगत दृष्टिकोण र परिवर्तनको सिद्धान्तसम्बन्धी आधारभूत ज्ञानका साथै उपयोगी उदाहरणसहित प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले सहजीकरण गर्नुभएको थियो। प्रशिक्षणका क्रममा सामूहिक कार्य, विस्तृत छलफल लगायत समालोचनात्मक विश्लेषणका लागि विभिन्न नीतिगत विषयमा अभ्यासहरू गरिएको थियो।

प्रशिक्षणको तेस्रो र चौथो दिन सहभागीहरू पाँच समूहमा विभाजन भई बुढानीलकण्ठ नगरपालिकाको लागि पहिचान गरिएका पाँच विभिन्न क्षेत्रमा नीतिको मस्यौदा तयारी गर्नका लागि स्थलगत भ्रमण, समस्या अध्ययन, सरोकारवालाहरूसँग अन्तर्वार्ता तथा छलफलमा संलग्न रहनुभयो। यस क्रममा नीति अनुसन्धान प्रतिष्ठानका अध्येताहरू अनुगमन नीति, मानव संशाधन नीति, स्वास्थ्य नीति, सार्वजनिक सम्पत्ति व्यवस्थापन नीति र पर्यटन नीतिको मस्यौदा तयार गर्ने समूहको नेतृत्व गर्दै समूहकार्यलाई सहजीकरण गर्नुभएको थियो। यसरी तयार भएको नीतिको मस्यौदाउपर थप सुधार गरी प्रशिक्षार्थी समूहका प्रतिनिधिहरूले २०८२ पुस १८ गते बुढानीलकण्ठ नगरपालिकाका पदाधिकारीहरूसमक्ष प्रस्तुतीकरण गर्नुभयो।

## नीति प्रवचन

### ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले पुस ११ गते आफ्नो सभा हलमा ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता विषयमा प्रा.डा. नीर क्षेत्रीको नीति प्रवचन कार्यक्रम आयोजना गर्‍यो। प्रा. क्षेत्री संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलाइना विश्वविद्यालयमा व्यवस्थापन

विषयका प्राध्यापक हुनुहुन्छ । प्रवचन कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी समेत गरी २५ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो ।



प्रवचनमा प्रा. क्षेत्रीले एआईका आधारभूत अवधारणा र प्रकारहरूको विषय स्पष्ट पार्दै वैश्विक दक्षिणमा एआईको तीव्र अपनत्वलाई बहुभाषिकता, निःशुल्क वा सहुलियतपूर्ण पहुँच, बहुराष्ट्रिय तथा स्थानीय नवप्रवर्तनका कारकहरूसँग जोड्दै शिक्षा, सार्वजनिक सूचना पहुँच, स्वास्थ्य सेवा र मानसिक स्वास्थ्य सहयोग, साना तथा मझौला उद्यमको विकास, कृषि क्षेत्र तथा उत्पादकत्व अभिवृद्धिमा देखिएका प्रभावहरूको विषयमा छलफल गर्नुभयो ।

प्रा. क्षेत्रीले एआईमा दक्षताको कमी, डाटा र सांस्कृतिक पूर्वाग्रह, कम स्रोत भएका भाषाहरूको न्यून प्रतिनिधित्व, गैरअंग्रेजी प्रयोगमा उच्च लागत र कम कार्यसम्पादन, कमजोर नियामक संरचना, साइबर सुरक्षाका जोखिम, श्रम बजारमा पर्ने असर, डिजिटल उपनिवेशवाद, डाटा लेबलिङमा श्रमिक शोषण तथा सांस्कृतिक पहिचान क्षयजस्ता गम्भीर चुनौतीहरूबारे पनि चर्चा गर्नुभयो ।

समग्रमा उहाँको प्रवचन वैश्विक दक्षिणमा समावेशी विकासका लागि एआईले ठूलो सम्भावना बोकेको भए तापनि यसलाई व्यवहारमा रूपान्तरण गर्न स्थानीय सन्दर्भअनुकूल डाटा र मोडेलको विकास, नीतिगत व्यवस्था र नियमन, सुरक्षाको सुनिश्चितता र क्षमता विकासका आयामहरू अत्यावश्यक रहेकोमा केन्द्रित थियो । प्रस्तुतिकरणपश्चात् प्रस्तोता र सहभागीहरूबिच प्रश्नोत्तर सत्र सञ्चालन गरिएको थियो ।

## सार्वजनिक नीति निर्माणमा गुणात्मक अनुसन्धानको प्रयोगसम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले प्रा.डा. एडविन भान टेजिलिङ्गेनलाई आमन्त्रित गरी पुस ४ गते प्रतिष्ठानको सभा हलमा "नीति निर्माणका लागि गुणात्मक अनुसन्धान" विषयक एक नीति प्रवचन आयोजना गऱ्यो । प्रा. एडविन बेलायतको बोर्नमाउथ विश्वविद्यालयमा प्रजनन स्वास्थ्य अनुसन्धानका प्राध्यापक हुनुहुन्छ । नेपाल लगायत विभिन्न अन्तर्राष्ट्रिय तहका स्वास्थ्य परियोजनाहरूको नेतृत्व गर्नुभएका प्रा. एडविनले मातृस्वास्थ्य र स्वास्थ्य सेवा अनुसन्धानमा व्यापक रूपमा अनुसन्धान लेखहरू प्रकाशन गर्नुभएको छ ।

आफ्नो प्रवचनमा प्रा. एडविनले "किन" सम्बन्धी प्रश्नहरूको उत्तर खोज्न, सिद्धान्त निर्माण गर्न तथा परिमाणात्मक अनुसन्धानका नतिजाहरूको व्याख्या गर्न गुणात्मक अनुसन्धान विशेष रूपमा उपयोगी हुने उल्लेख गर्नुभयो । उहाँले प्रमाणमा आधारित अभ्यास, प्रमाण-सूचित नीति निर्माण र प्रमाणमा आधारित नीति निर्माणबिचका भिन्नताहरू स्पष्ट पार्दै, प्रमाण-सूचित नीति निर्माण कार्यले प्रमाणलाई मूल्य, राजनीति, व्यावहारिकता तथा सरोकारवालाका दृष्टिकोणजस्ता व्यापक सन्दर्भगत

कारकहरूसँग जोडेर हेर्नुपर्ने विचार राख्नुभयो । साथै, नीतिनिर्माण, अनुसन्धान प्रमाण, उपलब्ध स्रोत तथा विशेषज्ञता, जनसङ्ख्याका आवश्यकता र प्राथमिकता तथा संस्थागत र वातावरणीय सन्दर्भहरूको संगममा हुने बताउनुभयो ।



उहाँले ज्ञान परिचालनको महत्त्वलाई पनि जोड दिँदै यसलाई नीति र व्यवहारलाई सूचित गर्न ज्ञानको सक्रिय सिर्जना र प्रयोगको प्रक्रियाका रूपमा व्याख्या गर्नुभयो । विभिन्न अध्ययनका प्रमाणलाई उद्धृत गर्दै, प्रभावकारी ज्ञान परिचालनका लागि बहुक्षेत्रीय तथा अन्तरनिकाय सिकाइ आवश्यक हुने, अवधारणात्मक दृष्टिकोणमाथि समालोचनात्मक मनन हुनुपर्ने तथा ज्ञान परिचालन गतिविधिहरूको सुदृढ मूल्याङ्कन आवश्यक हुने उल्लेख गर्नुभयो । साथै, उहाँले सार्वजनिक सहभागिता र संलग्नता तथा narrative synthesis सम्बन्धी विषयमा पनि आफ्नो धारणा प्रस्तुत गर्नुभयो । यस सन्दर्भमा meta-narrative synthesis, critical interpretive synthesis, meta-study, meta-ethnography र grounded theory जस्ता गुणात्मक प्रणालीगत समीक्षा विधिहरूमा अधिक रचनात्मक दृष्टिकोण रहने र thematic synthesis, textual narrative synthesis, framework synthesis र ecological triangulation जस्ता विधिहरूमा यथार्थवादी र कठोर दृष्टिकोण रहने बतानुभयो ।

प्रस्तुतिपछि नीति अनुसन्धान प्रतिष्ठानमा उपस्थिति २५ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरले प्रस्तुतीकरणमा आधारित भई आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो । सो सत्रमा आख्यानात्मक संश्लेषण, अनुसन्धान र नीतिमा सम्भावित पूर्वाग्रहको सम्बोधन, नीतिगत निर्णयमा समाजशास्त्रीय निष्कर्षहरूको प्रयोग, गुणात्मक अनुसन्धानमा आधारित प्रतिवेदन समीक्षा गर्ने तरिका लगायतका विषयहरूमा गहन छलफल भयो । छलफलको निचोड नीति अनुसन्धानको प्राथमिक लक्ष्य प्रमाणमा आधारित नीतिहरू निर्धारण गर्नु मात्र नभई नीतिगत निर्णयहरूलाई सूचित गर्नु पनि हो भन्ने साझा बुझाइमा आधारित रह्यो ।

## अन्तराष्ट्रिय टोलीको भ्रमण र अन्तरक्रिया

### नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच पुस ३ गते प्रतिष्ठानको सभा हलमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओसहित ५ सदस्यीय प्रतिनिधि मण्डल, काठमाडौंस्थित चिनियाँ दूतावासका प्रतिनिधि र २१ जना प्रतिष्ठानका अनुसन्धानकर्ता तथा कर्मचारीहरूको सहभागिता थियो । वदलिँदो परिस्थितिमा नेपाल र चीनका थिंक ट्याङ्कहरूबिचको अन्तरनिकाय ज्ञान हस्तान्तरण र आपसी सिकाइको लागि सहकार्यको सान्दर्भिकता अझ बढ्दै गएको र विश्वका विभिन्न थिंक ट्याङ्कहरूबिच सम्पर्क र समन्वय हुनु निकै महत्त्वपूर्ण रहेको सन्दर्भमा सो अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानबारेको परिचयात्मक प्रस्तुतिपश्चात् शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओले नीति अनुसन्धान प्रतिष्ठानमा भएको अन्तरक्रिया निकै महत्त्वपूर्ण भएको बताउँदै आगामी दिनहरूमा शाङ्घाई इन्स्टिच्युटको प्रतिष्ठानसँग सहकार्य हुन आवश्यक रहेको पनि बताउनुभयो। साथै, उहाँले नेपालमा भर्खरै भएको राजनीतिक परिवर्तनपछि भूराजनीतिक प्रभावले नेपाल-चीन सम्बन्धमा पर्नसक्ने असरबारे पनि जिज्ञासा राख्नुभयो।



कार्यक्रमको छलफल सत्रमा राज्य व्यवस्थामा युवा लगायत सबैको बढ्दो सहभागिता र राज्य सञ्चालनमा सहभागी निर्वाचित प्रतिनिधिहरू र कर्मचारीवर्गलाई सुशासन तथा जवाफदेहिताको आयाम अझ सबल बनाउने किसिमका नीतिगत अभ्यास स्थापित गरिनुपर्नेमा जोड दिइएको थियो। साथै, सो कार्यक्रममा दुवै पक्षले अनुसन्धान संस्थाहरूलाई थप प्रभावकारी बनाउनेमा जोड दिनुभएको थियो।

### नीति अनुसन्धान प्रतिष्ठानमा पेकिङ विश्वविद्यालयको अध्ययन टोलीको भ्रमण

चीनको पेकिङ विश्वविद्यालय अन्तर्गतको स्कुल अफ फरेन ल्याङ्ग्वेजको १२ सदस्यीय टोलीले साउन २२ गते नीति अनुसन्धान प्रतिष्ठानको भ्रमण गरी एक सङ्क्षिप्त अन्तरक्रिया गर्‍यो। उक्त टोलीको नेतृत्व पेकिङ विश्वविद्यालयका उपाध्यक्ष प्रा.डा. निङ छीले गर्नुभएको थियो। भ्रमणको मुख्य उद्देश्य संस्थागत अनुभवहरू आदानप्रदान गर्नुका साथै नीति अनुसन्धान प्रतिष्ठान र पेकिङ विश्वविद्यालयबिच सहकार्य र सहलगानीको सम्भावना अन्वेषण गर्नु रहेको थियो।

उक्त अन्तरक्रिया सत्रको सञ्चालन नीति अनुसन्धान प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले गर्नुभएको थियो। कार्यक्रममा पेकिङ विश्वविद्यालयको स्कुल अफ फरेन ल्याङ्ग्वेजका १२ सदस्य र नीति अनुसन्धान प्रतिष्ठानका ३० प्रतिनिधि गरी कार्यक्रममा कुल ४२ जनाको सहभागिता थियो।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत मन्तव्यमा नेपालको सरकारी थिङ्क ट्याङ्क र पेकिङ विश्वविद्यालयबिच विविध कार्यक्रम, अध्ययन भ्रमण, गोष्ठी, तालिम तथा संयुक्त अनुसन्धान मार्फत थिङ्क ट्याङ्कहरूको क्षमता विकास; नीति निर्माण तथा प्रमाणमा आधारित निर्णय प्रक्रियालाई प्रवर्धन गर्ने अत्याधुनिक प्रविधिहरूको प्रयोग र द्विपक्षीय तथा बहुपक्षीय विषयहरू संयुक्त अनुसन्धान सहकार्यका सम्भावित क्षेत्रहरू हुनसक्ने राय व्यक्त गर्नुभयो। उहाँले चीनको नीति अनुभवहरूबाट सिक्न प्रतिष्ठान इच्छुक रहेको कुरामा जोड दिँदै सहकार्यले पारस्परिक विकास र सद्भावनामा योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

प्रा. निङ छीले नीति अनुसन्धान प्रतिष्ठानद्वारा गरिएको आत्मीय स्वागतप्रति धन्यवाद ज्ञापन गर्दै आफ्नो दक्षिण एसिया भ्रमणको उद्देश्य, विशेषगरी अनिश्चितताको समयमा चीन र दक्षिण एसियाली देशहरू बिचको सहकार्यसम्बन्धी चलिरहेको

अनुसन्धानको बारेमा जानकारी गराउनुभयो । प्रा.डा. निङले नेपाल र चीनबिचको दृढ र दीर्घकालीन सम्बन्धलाई स्वीकार गर्दै भविष्यमा सहकार्यका व्यावहारिक सम्भावनाहरूको पहिचान गर्न इच्छुक रहेको बताउनुभयो ।




कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले नीति अनुसन्धान प्रतिष्ठानको उद्देश्य, संरचना, अनुसन्धानको प्राथमिकता र नीतिगत तहमा पुऱ्याएको योगदानबारे सङ्क्षिप्त प्रस्तुति दिँदै प्रतिष्ठानद्वारा गरिएका अनुसन्धान र National Institute of International Strategy of the Chinese Academy of Social Sciences (NIIS CASS) सँग यसअघि सम्पन्न गरिएको संयुक्त गोष्ठी र समझदारीपत्र लगायत वर्तमानमा भइरहेका सहकार्यका पहलहरूको बारेमा जानकारी गराउनुभयो ।

## प्रतिवेदन पेस/सर्वजनिकीकरण/प्रस्तुतीकरण

### नेपालको निर्वाचन २०८२ मा देशबाहिर र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गराउने व्यवस्था सम्बन्धमा भएको अनुसन्धान प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीसमक्ष पेश

नीति अनुसन्धान प्रतिष्ठानले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा "विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था" सम्बन्धमा गरेको अध्ययनको प्रारम्भिक निष्कर्षउपर विभिन्न सरोकारवाला निकाय र विज्ञहरूको पृष्ठपोषण लिने शृङ्खला विभिन्न मितिमा (कार्तिक २३ गते प्रतिष्ठानमै आयोजित सार्वजनिक नीति संवादबाट सुरु भई, कार्तिक २७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष, मङ्सिर ५ गते निर्वाचन आयोगमा, पुनः प्रतिष्ठानमा मङ्सिर ७ गते राजनैतिक दलका प्रतिनिधिहरू, नवयुवा पुस्ता (जेन-जी) का प्रतिनिधिहरू, निर्वाचनसम्बद्ध मन्त्रालय र निकायका अधिकारीहरू र सूचना प्रविधिका विज्ञहरूको सहभागितामा) सम्पन्न गऱ्यो ।

उल्लिखित छलफलहरूबाट प्राप्त पृष्ठपोषणको आधारमा अन्तिम रूप दिइएको प्रतिवेदनलाई मङ्सिर ८ गते प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीसमक्ष पेश गर्नुभयो । प्रतिवेदन हस्तान्तरण कार्यक्रममा बोल्दै प्रतिष्ठानका कार्यकारी अध्यक्षले विदेशमा बस्ने नेपाली नागरिक र नेपालमै अन्तरनिर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि मतदानको अधिकार उपलब्ध गराउन सर्वप्रथम आवश्यक कानुन संशोधन र अस्थायी मतदाता नामावली सङ्कलन गर्नुपर्ने सुझाव प्रतिवेदनमा रहेको बताउनुभयो । मतदान विधिको हकमा विदेशमा रहेका नेपालीहरूको लागि अनलाइन मतदान विधिलाई प्राथमिकता दिई आवश्यक परे सूचना प्रविधियुक्त हुलाक मतदान र सम्भव हुने देशहरूमा नेपालको कूटनीतिक नियोगमा मतदान केन्द्र राखी प्रत्यक्ष मतदान लगायतका मिश्रित विधि अपनाउने

र नेपालमा निर्वाचन क्षेत्रबाहिर रहेका मतदाताको लागि विशिष्टीकृत मतदान केन्द्र स्थापना गरी भौतिक/प्रत्यक्ष मतदान विधि उपयुक्त रहेको बताउनुभयो ।

## विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान अधिकार दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनको निष्कर्ष निर्वाचन आयोगमा प्रस्तुति तथा छलफल

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था सम्बन्धमा प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनको निष्कर्षको प्रस्तुति र छलफल गर्ने उद्देश्यले मङ्सिर ५ गते प्रतिष्ठानले निर्वाचन आयोगमा एक छलफल कार्यक्रम आयोजना गर्‍यो । सो कार्यक्रममा निर्वाचन आयोगका आयुक्त र कर्मचारीहरू तथा नीति अनुसन्धान प्रतिष्ठानको अध्ययन टोलीसहित कुल १३ जनाको सहभागिता थियो ।



कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष तथा अध्ययन टोलीका संयोजक प्रा.डा. लेखनाथ शर्माले अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै बाह्य मतदान विधिका वैश्विक अभ्यास, नेपालको मताधिकारको न्यायिक र राजनीतिक सन्दर्भ र नेपालले २०८२ को निर्वाचनमा प्रयोग गर्न सक्ने विधि र मार्गचित्र पनि प्रस्तुत गर्नुभयो । आफ्नो प्रस्तुतिमा उहाँले वैदेशिक मतदानको हकमा डिजिटल पहिचान प्रणालीसहितको हुलाक मार्फत गरिने मतदान विधि अधिक सम्भाव्य भएको र इन्टरनेट मतदान विधिको सम्भावनाबारे पनि थप प्राविधिक परामर्श गर्न सकिने तथा घरेलु अन्तरनिर्वाचन क्षेत्र मतदानको हकमा त्यस्तो मतदानको लागि प्रत्यक्ष निर्वाचनको लागि सबै निर्वाचन क्षेत्रको संयुक्त एक मतपेटिका र समानुपातिक निर्वाचनको लागि अर्को मतपेटिका गरी दुई मतपेटिका राख्ने गरी छुट्टै मतदान केन्द्र स्थापना गरी मतदान गराउन सकिने सम्भाव्यता रहेको निर्क्योल प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिपछि आयोगका कार्यवाहक आयुक्त रामप्रसाद भण्डारीले सरकारले आवश्यक स्रोत, साधन, जनशक्ति, विधि र प्रविधि उपलब्ध गराएमा सरकारको निर्देशन बमोजिम निर्वाचन गराउन आयोग तत्पर रहेको बताउनु हुँदै अध्ययन टोलीलाई राजनैतिक दलहरूसँग पनि परामर्श गर्ने सुझाव दिनुभयो ।

## शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जनका लागि नेपालको आकाङ्क्षा सम्बन्धमा पछिल्लो प्रमाणमा आधारित अध्ययन प्रतिवेदन सार्वजनिक

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानले आपसी सहकार्यमा सम्पन्न गरेका 'Nepal"s Journey towards Zero Hunger: The Triple Challenges of Food Security, Food Self-Sufficiency and Economic Prosperity शीर्षकको अनुसन्धान प्रतिवेदन तथा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले एकलरूपमा प्रकाशित गरेको 'Migration Atlas of Nepal' को बिमोचन समेत गरी 'Nepal's quest for zero hunger, economic prosperity and decent livelihoods: The way forward' शीर्षकमा संयुक्तरूपमा एक प्यानल छलफल कार्तिक २१ गते सम्पन्न गरे ।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन प्रसाद परियार प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा वातावरण मन्त्रालय लगायत विभिन्न मन्त्रालय तथा विषयसम्बद्ध सरकारी संघ-संस्थाहरूबाट पाल्नुभएका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिको रूपमा संयुक्त राष्ट्र संघका पूर्वआवासीय संयोजक डा. विश्व पराजुली, संयुक्त राष्ट्र सङ्घिय कृषि तथा खाद्य सङ्गठनका राष्ट्रिय प्रतिनिधि केन सिमिजु, विश्व खाद्य कार्यक्रमका राष्ट्रिय प्रतिनिधि रियाज लोधी र वेल्थहंगरहिल्फका राष्ट्रिय प्रतिनिधि साकेब नाबीको उपस्थिति रहेको थियो । त्यसैगरी, अन्तर्राष्ट्रिय सहकार्यका लागि जर्मन सहयोग निकाय, वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार तथा विकास केन्द्र, अक्सफाम नेपाल, श्रमिक हितमा कार्य गर्ने ए. डब्लु. ओ इन्टर्नेशनल, अन्तर्राष्ट्रिय आप्रवासन संगठन लगायत विभिन्न संस्थाका प्रतिनिधिहरू; अनुसन्धान टोली, मिडिया प्रतिनिधिहरू, नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानका कर्मचारी तथा विषयविज्ञहरू समेत गरी कुल १०६ जनाको उपस्थिति थियो ।




अनुसन्धान प्रतिवेदन तयार गर्ने समूहको प्रतिनिधित्व गर्दै नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अध्यक्ष डा. कृष्ण पहारीले अनुसन्धानको उद्देश्य, पद्धति र मुख्य निष्कर्षहरूको बारेमा सङ्क्षिप्त रूपमा प्रकाश पार्नुभयो ।

विश्व खाद्य कार्यक्रमका राष्ट्रिय प्रतिनिधि रियाज लोधीले आफ्नो विशेष मन्तव्यमा नेपालको विकासतर्फको यात्राको मुख्य चरणमा तयार भएको यस प्रतिवेदनले द्रुततर गतिमा कार्य गर्नुपर्ने समय आएको सङ्केत गरेको उल्लेख गर्नुभयो । साथै, संयुक्त राष्ट्र संघका पूर्वआवासीय संयोजक, डा. विश्व पराजुलीले खाद्यसम्बन्धी हक नै आधारभूत हक भए तापनि कतिपय मानिसहरू भोकमरीको चपेटामा रहेको सन्दर्भमा खाद्य उपलब्धता मात्र नभई खाद्य सुरक्षाका अन्य पक्षहरू र खाद्य सम्प्रभुतामा पनि सरकारले विशेष ध्यान दिनुपर्ने अभिव्यक्ति दिनुभयो ।

प्रमुख अतिथि माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री, डा. मदन प्रसाद परियारले आफ्नो मन्तव्यमा विभिन्न खाद्य उपभोग तथा पोषण सूचकहरूको आधारमा हेर्दा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको देखिएको तर अझै पनि आधारभूत खाद्यान्न (चामल, तरकारी तथा फलफूल) को आयात बढ्दो क्रममा रहेको र नेपालमा रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गर्न नसक्दा युवाहरू विदेश पलायन हुन बाध्य भएको तथ्यलाई इङ्गित गर्दै दिगो विकास लक्ष्य हासिल गर्न अझै मिहिनेत गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले खाद्य सुरक्षा, सरसफाइ, पोषणलगायत विभिन्न पक्षहरूको रूपान्तरणकारी सुधारका लागि नीति कार्यान्वयनको एकीकृत र सहकार्यात्मक अन्तर्दृष्टि अवलम्बन गर्न जरुरी रहेको र उल्लिखित प्रकाशनहरूले यस कार्यमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्ने विश्वास प्रकट गर्नुभयो ।

कार्यक्रमको दोस्रो चरणमा भएको प्यानल छलफलमा युवाहरूको हालको प्रवास प्रवृत्ति र त्यसको नेपालको अर्थतन्त्रमा प्रभाव; प्रवाससम्बन्धी सरकारी नीति, घरेलु रोजगारी प्रवर्धन, घरेलु तथा वैदेशिक प्रवास व्यवस्थापन, र प्रवासीहरूको

सामाजिक सुरक्षा; शून्य भोकमरी (zero hunger) र दिगो विकास लक्ष्यका लागि रणनीतिक वित्तीय व्यवस्थापन र बदलिँदो परिदृश्यमा यसको भूमिका; शून्य भोकमरी, खाद्य सुरक्षा र रोजगार सिर्जनासँग सम्बन्धित दिगो विकास लक्ष्यहरू प्राप्त गर्न संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका लगायतका विषयहरू उठान गरिएका थिए । त्यसैगरी, क्षेत्रीय सन्दर्भमा नेपालको प्रवास स्थिति; कृषि, खाद्य सुरक्षा, शून्य भोकमरी, र प्रवासका सन्दर्भमा ICIMOD तथा यस्तै अन्य संस्थाहरूको भूमिका; ग्रामीण युवाको प्रवास र त्यसको नेपालको कृषिमा प्रभाव; नेपालमा खाद्य आत्मनिर्भरता हासिल गर्ने उपायहरू; खाद्य तथा पोषण सुरक्षाका लागि विभिन्न सरकारी नीतिहरू र हालको युवाप्रवास र रोजगारको सन्दर्भमा युवाहरूको दृष्टिकोण लगायत नेपालमा युवाप्रवास व्यवस्थापनका लागि आर्थिक सम्भावनाहरू, शैक्षिक अवसरहरू, र सामाजिक समर्थन प्रणालीहरूबारे पनि छलफल चलेको थियो ।

## दायित्व नेपालका फेलोहरूबाट नीतिसम्बद्ध अनुसन्धानहरूको प्रारम्भिक नतिजा प्रस्तुति

दायित्व नेपाल सार्वजनिक नीति फेलोसिप २०२५ कार्यक्रम अन्तर्गत सार्वजनिक नीतिसम्बद्ध अनुसन्धान कार्यमा संलग्न रहनुभएका फेलोहरूले नीति अनुसन्धान प्रतिष्ठानमा उपस्थित भई भदौ ११ गते अनुसन्धानबाट प्राप्त नतिजाहरूको प्रस्तुतीकरण गर्नुभयो । सरकारी तबरभन्दा बाहिरबाट हुने नीति अनुसन्धानहरूका सिफारिसहरू पनि व्यावहारिक, प्रमाणमा आधारित र सान्दर्भिक हुन सकून् र राष्ट्रको नीति प्रक्रियामा योगदान गरून् भन्ने उद्देश्यले सो कार्यक्रम गरिएको थियो ।



यस वर्ष फेलोसिप गर्नुभएका ६ दायित्व फेलोहरू अनुष्का पन्त, आस्था पोखरेल, साएजा अर्याल, सृस्टि गौतम, सुपुन दाहाल र सुसिल खनालले क्रमशः उद्यममुखी आर्थिक वृद्धिका लागि नेपालमा बौद्धिक सम्पत्ति कानुनको सुदृढीकरण; नेपालमा रोजगारमुखी आर्थिक वृद्धिका लागि अलैंची मूल्य शृङ्खलाको सुदृढीकरण; नेपालको निजामती सेवामा प्रशासनिक सुधार आयोगहरूको प्रभावकारिताको विश्लेषण; अतिकम विकसित देशबाट स्तरोन्नतिको नेपालमा पर्ने आर्थिक प्रभावको विश्लेषण; बर्दिया जिल्लामा नेपालमा तरकारी कृषकहरूका लागि स्थानीय बजार प्रणालीको सुदृढीकरण; नेपालमा रोजगार सिर्जना र स्थानीय आर्थिक विकासका लागि युवाद्वारा सञ्चालन गरिएका उद्यमहरूको द्रूतीकरण विषयमा आ-आफ्ना प्रस्तुतिहरू दिनु भएको थियो ।

उहाँहरूले सम्बन्धित विषयमा स्थलगत सर्वेक्षण, केन्द्रित समूह छलफल, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, विभिन्न प्रकाशनहरूको समीक्षा र द्वितीयक तथ्याङ्कको विश्लेषणका आधारमा आफ्ना अनुसन्धान नतिजाहरू तयार गर्नुभएको थियो । दायित्वको तर्फबाट वरिष्ठ प्रशासकीय संयोजक, संयोजक र इन्टर्नहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका तर्फबाट प्रबन्धक, वरिष्ठ अनुसन्धानकर्ता, कर्मचारीहरू र इन्टर्नको सहभागितासहित कार्यक्रममा कुल २५ जना सहभागीहरूको उपस्थिति थियो । प्रस्तुतिहरूमाथि प्रतिष्ठानका अध्येताहरूले आफ्ना विज्ञता र अनुभवका आधारमा टिप्पणी गर्नुभएको थियो ।

## नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रका लागि उन्नत हवाई गतिशीलताको उपयुक्तता अन्वेषणसम्बन्धी ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नीति अनुसन्धान प्रतिष्ठानले साउन ४ गते कोइका एलुम्नाई एसोसिएसन अफ नेपालसँगको सहकार्यमा कोइका स्नातकोत्तर छात्रवृत्ति कार्यक्रम मार्फत प्राप्त अध्ययन अनुभव साझा गर्न एक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा कोइका छात्रवृत्ति प्राप्त गरी दक्षिण कोरियास्थित के.डी.आई स्कुल अफ पब्लिक पोलिसी एण्ड म्यानेजमेन्टमा स्नातकोत्तर गर्नुभएका श्री लीलाधर जोशीले अध्ययनका उपलब्धिहरू प्रस्तुत गर्नुभएको थियो । जोशी हाल नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयमा नायव सुब्बा पदमा कार्यरत हुनुहुन्छ । उहाँको प्रस्तुति "नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रको यातायात समाधानका रूपमा उन्नत हवाई गतिशीलता (AAM) को उपयुक्तता अन्वेषण" विषयक अध्ययनमा आधारित थियो ।



प्रतिष्ठानका सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख एवम् वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कोइका प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका सहभागी गरी २८ जनाको उपस्थिति थियो । कार्यक्रममा सहभागीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत गर्नुभएको थियो भने कोइकाको प्रतिनिधित्व गर्दै रोशी मूलले नेपालप्रति कोइकाको सहयोग मुख्यतया तीन क्षेत्रहरू - परियोजनामा आधारित सहायता, कोरियन स्वयंसेवक/अध्येताहरूको परिचालन र क्षमता विकास कार्यक्रममा केन्द्रित रहेको उल्लेख गर्नुभयो । श्री मूलका अनुसार क्षमता विकास कार्यक्रम अन्तर्गत सरकारका कर्मचारीहरूलाई लक्षित गर्दै छोटो तथा दीर्घकालीन तालिमहरू प्रदान गरिन्छ ।

नेपालको जटिल भौगोलिक बनावट र पूर्वाधारको अभावलाई सम्बोधन गर्दै जोशीले सवारी दुर्घटना, सहरी यातायात जाम, वायु प्रदूषण तथा पहुँचको असमानता जस्ता प्रमुख समस्याहरूलाई उजागर गर्नुभयो । उहाँले यस्ता समस्याहरूको समाधानको सम्भावित विकल्पका रूपमा उन्नत हवाई गतिशीलता (AAM) प्रविधिको सम्भावनाबारे चर्चा गर्नुभयो । प्रस्तुतिमा सामाजिक-आर्थिक असमानता हटाउन AAM को भूमिका, कार्यान्वयनका चुनौतीहरू, पाइलट परियोजना सिफारिसहरू, संस्थागत र नीतिगत रोडम्यापहरू, वातावरणीय तथा विकाससम्बन्धी प्रभावहरूका साथै भविष्यका अनुसन्धान र नवप्रवर्तनका क्षेत्रहरू समेटिएको थियो ।

कार्यक्रममा जोशीले विमानहरू भूभाग माथिबाट उड्न सक्ने भएकाले सडक वा रनवेको आवश्यकता नपर्ने, ठूला संरचनाको आवश्यकता नरहेकाले साना तथा विकट स्थानमा सजिलै अवतरण गर्न सक्ने; विद्युतीय उर्जा प्रयोग गर्ने भएकाले जीवाश्म इन्धनमा निर्भरता घटाउने र मानवीय सहायता, आर्थिक विकास र वातावरणीय संरक्षणको उद्देश्यलाई सघाउने भएकाले नेपालका लागि AAM उपयुक्त हुने आफ्नो अध्ययनको निष्कर्ष रहेको बताउनुभयो ।

प्रस्तुतिपछिको प्रश्न-उत्तर सत्रमा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ताहरूद्वारा AAM प्रविधिको आर्थिक सम्भाव्यता र नीतिगत पक्षबारे जिज्ञासाहरू राख्नुभएको थियो ।

# संस्थागत विकास, विस्तार र प्रसार

## विज्ञसूची अद्यावधिक

नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धानकार्यको लागि विज्ञहरूको सूची तयार गर्दछ । प्रतिष्ठानले निर्माण गरेको विज्ञहरूको सूची नेपाल सरकारका मन्त्रालयहरू, अन्तरगतका विभागहरू र अन्य निकायहरूलाई पनि उपयोगी हुने विश्वास गरिएको छ । विधागत विज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तबरले समेत सूचीकृत हुन आह्वान गरी सूची तयार हुन्छ । यसरी सूचीकृत भएका विज्ञलाई उहाँहरूको विज्ञताको आधारमा अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन गर्ने, नीति संवादमा सहजीकरण गर्ने, सोचपत्र लेखन, प्रतिवेदन मूल्याङ्कन लगायत जर्नल प्रकाशनमा योगदान गर्ने अवसर प्रदान गरिन्छ ।

यस अवधिमा विज्ञसूचीमा थप विज्ञहरू सूचीकृत गर्ने तथा सो सूची अद्यावधिक गर्ने कार्य निरन्तर चालु रह्यो ।

## सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार

सार्वजनिक नीतिसँग सम्बन्धित र आवश्यक आधारभूत अध्ययन सामग्री तथा अन्य स्रोतहरूको सङ्ग्रहकेन्द्रको रूपमा सार्वजनिक नीति संवाद केन्द्रको स्थापना भई सञ्चालन भइरहेको छ । सार्वजनिक नीति स्रोत केन्द्रको प्रमुख कार्यहरूमा स्रोत केन्द्रको अद्यावधिक र स्तरोन्नति गर्ने, सङ्ग्रहित सामग्रीहरूको सुरक्षा र आवश्यक गोप्यता कायम गर्ने, आवश्यक विद्युतीय र अन्य प्रणाली, डाटाबेस र अन्य सान्दर्भिक लगायतका) तथ्याङ्क तथा सूचना सङ्कलन र भण्डारण प्रणालीको खरिद, विकास र अद्यावधिक गर्ने, स्रोत अभिलेख गर्ने प्रणालीको विकास र सञ्चालन गर्ने, सङ्ग्रहित सामग्रीहरूको विद्युतीय प्रतिहरू विकास गर्ने, नेपाल सरकारका सम्बन्धित निकायहरू, अनुसन्धान निकायहरू, नीति विश्लेषण र अध्ययन अनुसन्धान गर्ने विज्ञ तथा संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्यात्मक सम्बन्ध विकास र विस्तार गर्ने हो ।

यस अवधिमा स्रोतकेन्द्रले दायाँ दिइएको तालिकामा उल्लेख भए अनुसारका किसिम र सङ्ख्यामा सामग्रीहरू सङ्ग्रह गऱ्यो ।

| स्रोतका किसिम | सङ्ख्या |
|---|---|
| पुस्तक (छापा-विद्युतीय)-जर्नल | १३७ |
| मन्त्रिपरिषद्का निर्णयहरू | २५ |
| नीति-ऐन-नियमावली | ६ |
| समाचारपत्रहरू | ३८५ |
| समाचारका क्लिप्स | ११६ |
| श्रव्य-श्रव्य दृश्य सामग्री | ११ |
| पावरप्वोइन्ट प्रस्तुतीकरण | १३ |
| फोटो | ७९८ |
| प्रतिवेदन र अन्य | २०३ |
| जम्मा | १,६९४ |

*२०८२ साउन १ देखि पुस ३० सम्मको अवधिमा सार्वजनिक नीति स्रोतकेन्द्रले सङ्ग्रह गरेको स्रोत सामग्रीहरूको विवरण*

### विज्ञहरूको सूचीमा सूचीकृत हुन अनुरोध

नीति अनुसन्धान गर्ने कार्यादेश कार्यान्वयन गर्ने प्रयोजनको लागि नीति अनुसन्धान प्रतिष्ठानको विज्ञसूची निरन्तर अद्यावधिक भइरहेकाले नीति अनुसन्धानका कुनै पनि क्षेत्रमा विद्वत्ता भएका इच्छुक विज्ञहरूलाई यस विज्ञसूचीमा सूचीकृत हुन अनुरोध गरिन्छ । प्रतिष्ठानले सूचीकृत विज्ञहरूको विज्ञताको क्षेत्र र प्रतिष्ठानको आवश्यकताको आधारमा उहाँहरूको विज्ञ सेवा लिँदै आएको छ । साथै, नेपाल सरकारका मन्त्रालय तथा निकायहरूले यो विज्ञ सूची माग गरेमा उपलब्ध पनि गराइन्छ । यससम्बन्धी थप जानकारी roster@pri.gov.np मा सम्पर्क गरी वा प्रतिष्ठानको वेबसाइट www.pri.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

नीअप्र बुलेटिन

सङ्कलन, अनुवाद तथा सम्पादनः दिपेन्द्र प्रसाद पन्त | सुसन तामाङ
तस्बिरः बिमल चन्द्र शर्मा
ग्राफिक डिजाइनः सुविन उलक